जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ •अंक ६९ • २०८२ साल साउन १२ गते सोमबार (28 July, Monday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।–

## 'सरकारले संघीयतामाथि प्रहार गऱ्यो'

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले मध्यवर्ती अवस्थित जंगल सखाप पार्ने योजनाका साथ भूमिसम्बन्धी विधेयक ल्याइएको आरोप लगाएका छन् ।

प्रतिनिधि सभाको कृषि सहकारी तथा भूमि समितिमा आइतबार आफ्नो संशोधन पेश गर्दै सांसदसमेत रहेका पूर्वमन्त्रीसमेत रहेका अध्यक्ष यादवले अहिले सरकारले ल्याएको भूमिसम्बन्धी विधेयक सुकुम्बासी समस्या समाधान गर्नभन्दा पनि आफ्ना निहित स्वार्थ पूरा गर्न अघि बढाइएको दाबी गरे ।

भूमिसम्बन्धी विधेयक ल्याउँदा सर्वोच्च अदालतको दुईवटा संवैधानिक इजलासका फैसलाहरूलाई ध्यान दिनुपर्ने उनले बताए ।

त्यसरी अनुमति नलिएको कारणले यो संशोधन संविधानले पहिल्यै बदर गरिसकेको पनि उनको तर्क छ।

भूमिसम्बन्धी विधेयकमा असंवैधानिक कुरा ल्याउन पाइन्छ भन्दै उनले प्रश्न गरेका थिए ।

तराईमा ५३ प्रतिशत आन्तरिक बसाइँसराइ भएको यादवले बताए । उनले भूमि विधेयक असंवैधानिक, गैरकानुनी र राष्ट्रको हितविपरीत र पर्यावरणीय सन्तुलन बिगार्ने भएकाले फिर्ता लिन आग्रह गरे ।

### मधेशमा डिप बोरिङ चोरी बढ्यो

# सुक्खाग्रस्त क्षेत्र अन्तर्गत १० पालिकामा दातृनियकाले सहयोग गर्ने

**टुडे समाचारदाता**


जनकपुरधाम । मधेशमा विपद् बढेसंगै चोरीको घटनामा समेत वृद्धि भएको छ। विपद्कै बेला मधेश प्रदेशमा डिप बोरिङ र विद्युतको ट्रान्सफर्मरसमेत चोरी हुन थालेको छ।

विपद् संकटग्रस्त क्षेत्र मधेश प्रदेशका विभिन्न जिल्लामा चैतसम्ममा सिँचाइका लागि ३ सय वटा डिप बोरिङ खनिएको भए पनि प्रभावकारी रूपमा सञ्चालनमा आउन सकेको छैन ।

सामुदायिक उपभोक्ता समितिमार्फत गरिएका काममा प्रभावकारिता र स्थायित्वको समस्याका कारण संचालनमा आउन सकेको छैन। मधेश प्रदेशको स्थलगत अध्ययनमा रहेको अन्तरमन्त्रालय स्तरको अध्ययन कार्यदलले मुख्य सचिव एकनारायण अर्याललाई आइतबार प्रारम्भिक जानकारी गराएका छन् ।

त्यसैगरि विभिन्न स्थानमा सिचाइँ प्रयोजनका बोरिङ सञ्चालनमा प्रयोग भएका ५० वटा ट्रान्सफर्मर चोरी भएको पनि प्रारम्भिक अध्ययनमा देखिएको छ। केही स्थानमा भोल्टेजको स्थायित्व नभएका कारण प्रयोग हुन नसकेर सिचाइँ हुन नसकेको सो टोलीको निष्कर्ष रहेको छ।

मुख्यसचिव अर्यालले मधेश प्रदेशमा परिचालन भएको टोलीसहित सबै मन्त्रालयका सचिवहरूसँग पछिल्लो अवस्था र अध्ययनको प्रारम्भिक जानकारीबारे छलफल गरेका छन् । सो छलफलपछि संक्षिप्त कुराकानी गर्दै उनले एकीकृत प्रतिवेदन प्राप्त भएपछि सरकार





एक्सनमा जाने प्रस्ट पारे ।

उनले भने, 'सम्माननीय प्रधानमन्त्रीज्युको निर्देशन बमोजिम हामीले मधेश प्रदेशमा खटाईएको टिमहरूको प्रारम्भिक प्रतिवेदन बुझ्ने काम भएको छ । चैत वैशाखदेखि ८ वटा जिल्लामा ३ सय वटा डिप बोरिङ खनिसकिएको भन्ने रिपोर्ट छ । धेरै स्थानमा उपभोक्ता समितिमार्फत गरिएको र ड्युरेबल नभएको भन्ने छ,' उनले भने, 'सिचाइँको डिप बोरिङहरूमा भोल्टेजको स्थायित्व नभएका कारण पूरा प्रयोग हुन नसकेको भन्ने आएको छ। त्यस्तै ५० वटा स्थानमा ट्रान्सफरमर चोरिएको कुरा आएको छ। यसबारेमा विद्युत प्राधिकरणसंग कुरा भएको छ। छिट्टै जोड्ने काम हुन्छ। गण्डक नहरको सरसफाइ गऱ्यो भने पनि पानीको मात्रा बढाउन सकिन्छ भन्ने कुरा पनि आएको छ। बिग्रिएका २ सय ५२ डिप ट्यूबेल सञ्चालनमा ल्याउने र तराई मधेशको भूमिगत सिचाइँ अन्तर्गत सरकारले बजेट एलोकेट गरेको प्रोजेक्टबाट तत्कालै डिप ट्युबेल खनेर समस्या समाधान गर्ने सम्बन्धमा हामीले छलफल गरिरहेका छौँ।'

त्यस्तै गण्डक नहरलगायतका स्थायित्व हुने किसिमका सिचाइँ आयोजना सञ्चालन गर्नुपर्ने पनि टोलीको निष्कर्ष छ। 'तराईमा पोखरी मार्फत सिचाइँ गर्ने र रिचार्ज सिस्टम राख्ने किसिमको प्राविधिक सल्लाह पनि आएको छ । एकीकृत प्रतिवेदन आएपछि सरकारले एक्सन प्लान सहित अघि बढ्छ,' उनले भने, 'यसमा सम्माननीय प्रधानमन्त्री ज्यूको पनि ज्यादै ठूलो चासो छ। उहाँले भिजिट पनि गर्नुभयो। जानकारी पनि लिनुभयो। उहाँबाट छिट्टै नै समस्याको समाधान गर्नुपर्छ भन्ने निर्देशन भएको छ। हामी सम्बन्धित मन्त्रालयका सचिवज्युहरूलाई राखेर छिट्टै नै काम अघि बढ्छ।'

सरकारले मधेश प्रदेशमा खडेरीका कारण देखापरेको समस्याको स्थलगत अध्ययन मन्त्रालयस्तरको प्राविधि टोली खटाएको थियो। खानेपानी, उर्जा जलस्रोत तथा सिचाइँ र कृषि तथा पशुपंक्षी मन्त्रालका सहसचिव सम्मिलित टोली समस्याग्रस्त प्रदेशमा गइ अध्ययन गरेर फर्किसकेको छ । सो टोलीले मुख्य सचिवलाई स्थलगत अध्ययनको क्रममा देखिएका अवस्थाबारे मौखिक जानकारी गराएको छ।

यसैबीच मधेश प्रदेशलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरी संघीय सरकारले राहत र सहयोगका लागि आह्वान गरेपछि बेलायतको एक संस्थाले सहयोग गर्ने प्रतिबद्धता जनाएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको समन्वयमा बेलायत सरकारअन्तर्गत सञ्चालित 'स्टार्ट फन्ड नेपाल' परियोजना राहत र सहयोग कार्यक्रम अगाडि बढाउने प्रतिबद्धता जनाएको छ ।

खडेरीबाट प्रभावित पर्सा, बारा, रौतहट, सर्लाही, सिराहा र सप्तरीका १० वटा पालिकामा लागु हुने सो कार्यक्रम आगामी ६० दिनसम्म सञ्चालन हुने मधेश प्रदेशका मुख्यमन्त्रीको सचिवालयले जनाएको छ ।

परियोजनाबाट ८ हजार ३५५ घरका करिब ४४ हजारभन्दा बढी नागरिक लाभान्वित हुनेछन् । सो कार्यक्रमका लागि कुल २ करोड ६० लाख ३३ हजार ४७६ बजेट विनियोजन गरिएको छ। कार्यक्रमलाई ३ चरणमा कार्यान्वयन गरिनेछ । पहिलो चरणमा खडेरीग्रस्त क्षेत्रमा आपत्कालीन रूपमा पानी वितरण, दोस्रो चरणमा गहिरो बोरहोल खन्ने सम्भाव्यता अध्ययन, सिँचाइ प्रणालीको सुधार तथा दिगो पानी प्रणाली निर्माणमा जोड दिइनेछ।

त्यस्तै तेस्रो चरणमा जीविकोपार्जन पुनःस्थापनालाई प्राथमिकता दिइने र यसअन्तर्गत 'क्यास फर वर्क' कार्यक्रम, सिँचाइ मर्मत तथा वैकल्पिक बाली प्रवर्द्धनमा प्राविधिक सहयोग प्रदान गर्ने जनाइएको छ।









# ऋणमा डुबेकी पार्वती करोडपति बनेपछि...




काठमाण्डु । यही साउन २ गते शुक्रबारका दिन, घरधन्दा सकेपछि सधैँ झैँ मेलापात जाने तरखर गर्दागर्दै पानी दर्किएपछि धादिङ बाङ्गेपीपल बसेरीकी पार्वती कार्कीले मोबाइल घरमै छाड्नुभयो ।

मेलापात जाँदा पनि कसले पो फोन गर्ने हो र ? विदेशमा मजदुरी गरिरहेका श्रीमान् र काठमाडौँमा 'प्लस टु' पढ्दै गरेको छोरासँग साँझ बिहान नियमित फोन भइहाल्थ्यो । त्यसैले कार्कीले मोबाइल साथमा राख्न जरुरी ठान्नुभएन ।

जब उहाँ मेलापात सकेर घर फर्किनुभयो, मोबाइलमा नयाँ नम्बरबाट आएका 'मिस्डकल' देख्नुभयो । कार्की घर फर्केर काम गर्दैगर्दा फोनको घण्टी बज्यो। उहाँले फोन उठाउनुभयो। फोन काठमाडौँस्थित एनसेलको केन्द्रीय कार्यालयबाट आएको रहेछ। फोनमा बोल्ने व्यक्तिले उहाँको परिचय खोतल्ने प्रयास सुरु गरे। नाम, ठेगाना र परिवारबारे केही प्रश्न तेर्स्याए । उहाँले सबै जवाफ दिनुभयो ।

एनसेलका प्रतिनिधिले उहाँलाई सोमबार एनसेल मुख्यालयमा आउन भने । कार्कीलाई कारण के हो भन्ने बुझ्न मन लाग्यो र किन भनेर सोध्नुभयो। तपाईंलाई उपहार परेको छ, तर अहिले भन्न मिल्दैन, तपाईं काठमाडौँ आउनुस् भन्ने जवाफ पाउनुभयो। कार्कीले पछि मिलाएर आउँछु भन्नुभयो । त्यसपछि राम्रो पुरस्कार परेको र सोमबारकै दिन एनसेल कार्यालय काठमाडौँमा सम्पर्क गर्न भनियो ।

"पुरस्कारको फोन कलपछि मैले यो कुरा सासूससुरा, विदेशमा रहेका श्रीमान् र काठमाडौँमा पढ्ने छोरालाई सुनाएँ", उहाँले भन्नुभयो, "सुरुमा पुरस्कार पऱ्यो भन्नेमा कसैलाई पत्यार लागेन । फोन गरेर कसैले झुक्यानमा पारेको पनि हुनसक्छ भन्ने कुरा भयो ।"

तर जब काठमाडौँमा रहेका देवरले भनेपछि राम्रो उपहार परेको हो की भन्ने भयो । देवरले एकपटक काठमाडौँ आउनुहुन्छ त ? भनेपछि मात्र उहाँलाई साँच्चिकै पुरस्कार हो की भन्ने भयो ।

उहाँ मेलापातको कामलाई थाँती राखेर परिचय खुल्ने कागजपत्र बोकेर आइतबारै काठमाडौँका लागि गाडी चढ्नुभयो । भोलिपल्ट बिहान उहाँ छोरा, देवरलगायतका साथमा लैनचौरस्थित एनसेल कार्यालय पुग्नुभयो ।

"एनसेल कार्यालय आउँदासम्म मलाई कुन र कति उपहार परेको हो भन्ने थाहै थिएन", शुक्रबार एनसेलको बम्पर उपहार प्राप्त गरेपछि उहाँले भन्नुभयो, "अफिसमा सबै कागजपत्र जाँच भएपछि मलाई एक करोड रुपैयाँ परेको भनेर जानकारी दिनुभयो, सुरुमा त मलाई यो कसरी सम्भव भयो भनेर बुझ्नै सकिँन ।"

> "सुरुमा पुरस्कार पऱ्यो भन्नेमा कसैलाई पत्यार लागेन । फोन गरेर कसैले झुक्यानमा पारेको पनि हुनसक्छ भन्ने कुरा भयो ।"

कार्कीलाई उपहारमा एक करोड रुपैयाँ दिने एनसेलसँगको सम्बन्ध उहाँको झण्डै आठ वर्षअघिको हो । "स्थानीय आरुघाटस्थित बजारमा सात/आठ वर्षअघि किनेको 'सीमकार्ड' हो, बेलाबेलामा एनसेलको '९९ को प्याक' लिने गर्नुहुन्थ्यो", उहाँले भन्नुभयो, "आज त्यही प्याकले रु एक करोड जितायो, निकै खुसी लागेको छ, अबका दिनमा पैसाको दुःख हट्ने भयो भन्ने मनमा लागेको छ।"

उहाँको जीवन कैयौँ दुःख र पीडाले गुज्रिएको छ । जीवन सहज बनाउन श्रीमान्सँगै मिलेर आफूले कडा सङ्घर्ष गरेका दिन उहाँको मनमा अझै ताजै छ। श्रीमान्ले विदेशमा र आफूले घरधन्दा गर्दै महिला स्वयंसेविकाका रुपमा गाउँमा काम गर्न थालेको झण्डै डेढ दशक बितिसकेको छ।

यद्यपि भनेजस्तो अझै भएको छैन भन्ने लाग्छ कार्कीलाई । "कहिलेकाहीँ त जति गर्दा पनि कहिल्यै केही हुँदैन जस्तो लाग्थ्यो, मेहनतमा कमी थिएन, तर अपेक्षा गरेजस्तो पनि भएन र पनि कर्म गर्दै गएँ", उहाँले भन्नुभयो । उहाँको जीवनमा ब्रजपात त तब पऱ्यो जब बारपाक केन्द्रिबिन्दु भएर भूकम्प गयो । विसं २०७२ वैशाख भूकम्पले धर्ती हल्लाउँदा निर्माण सकिएर सर्न ठिक्क परेको घर भत्कियो, त्यतिमात्र होइन, एक महिना दुई दिनको कान्छो छोरा पनि गुमाउनु पऱ्यो ।

धादिङबेंसीबाट सल्यानटार हुँदै गङ्गाजमुना गाउँपालिका-६ बाङ्गेपीपल बसेरीमा हाल उहाँको सानो घर छ । विदेशमा श्रीमान्ले कमाउनेबाहेकको आयस्रोत छैन । यद्यपि महिला स्वयंसेविकाका रुपमा थोरै भए पनि भत्ता आउँछ । त्यसबाहेक मकै, कोदो, धानखेती हुन्छ भने सिजनअनुसारको तरकारी पनि फलाउनुहुन्छ ।

गाउँकै विद्यालयमा कक्षा ९ मा फेल भएपछि उहाँले स्कुल जान छाड्नुभएको हो । त्यसको एक वर्षपछि २३ वर्षको उमेरमा विवाह भयो । त्यसको केही वर्षपछि छोरा जन्मियो । आर्थिक रुपमा कमजोर अवस्था भएकाले श्रीमान् धन कमाउन विदेश लाग्नुभएपछि घर सम्हालने जिम्मा उहाँको काँधमा आयो ।

खाडीको चर्को गर्मीमा श्रीमान्ले ज्यानको बाजी राखेर काम गर्दै खर्च घर पठाउनुहुन्थ्यो । त्यही रकमले घरखर्च चलाउनुहुन्थ्यो उहाँ । तर विदेशमा पनि भने जस्तो कहाँ हुन्छ र ? कुवेतमा रहँदा एक दिन श्रीमान् 'बाथरुम'मा अचेत भई लडे । धन्न साथीहरुले थाहा पाएर अस्पताल लगी ज्यान बचाइदिए । केही वर्ष विदेशमा दुःख गर्दा पनि अपेक्षा गरेअनुसारको प्रगति नभएपछि उहाँले श्रीमान्लाई देशमै जागिर गर्न्र सुझाव दिनुभयो ।

"विदेशमा उहाँले गरेको दुःख थाहा छ, रोगले च्याप्दा पनि उहाँले काम गरिरहनुहुन्थ्यो, त्यसैले नेपाल आएपछि पठाउन मन लागेन, ऋणधन गरेर काठमाडौँमा पसल सुरु गऱ्यौँ", उहाँले विगत सम्झिँदै सुनाउनुभयो । तर भाग्यले त्यहाँ पनि ठग्यो । ऋण गरेर सुरु गरेको पसल केही महिनामै थप ऋणमा चुर्लुम्मै डुब्यो । लगानी निमेषभरमै खेर गयो ।

ठूलो लगानीमा खोलेको पसल नचलेपछि विदेश जानुको विकल्प रहेन । रु नौ लाखमा सुरु गरेको पसल बिक्री गर्दा ६० हजार पनि आएन । एकातिर चर्को ब्याजदरको ऋण र अर्कोतर्फ बिरामी शरीर बोकेर कार्कीका श्रीमान् झण्डै दुई वर्षअघि बहराइन पुग्नुभयो । तर त्यहाँ पनि भने जस्तो काम पाउनुभएन । ऋणको बोझले जागिरै छाडेर घर आउन दिएन, त्यसैले उहाँ अहिले पनि बहराइनमै हुनुहुन्छ । "दुई वर्षपछि आउने भन्नुहुन्थ्यो, अब भदौमा दुई वर्ष पुग्छ, त्यसपछि बिदा पाइन्छ भन्नुभएको छ", उहाँले भन्नुभयो ।

बहराइनमा श्रीमान्को शरीरमा नयाँ रोग थपियो, 'एलर्जी' । कहिले शरीर सुन्निने त कहिले 'एलर्जी'ले गाह्रो बनाइरहन्छ । तैपनि काम गर्दै महिनामा रु १५/२० हजार पठाइरहनुहुन्छ । यसले जेनतेन ऋणको ब्याज तीर्न मात्रै पुगेको उहाँले बताउनुभयो ।

एनसेलबाट प्राप्त एक करोड रुपैयाँमध्ये २५ लाख सरकारलाई कर बुझाएपछि बाँकी रकम अहिले उहाँको खातामा आइसकेको छ । यो रकम उहाँका लागि धेरै ठूलो हो । यो रकमले जीवन सहज बनाउँछ भन्ने उहाँको विश्वास छ ।

प्राप्त रकमले पहिलो काम ऋणको भारी बिसाउने योजना छ । लामो समयदेखि बोझ बनेको ऋण अब बोक्नु नपर्ने भयो भन्ने सोच्दा उहाँ खुसी हुनुहुन्छ । "यो ऋण कहिले सकिएला र सुख पाइएला भन्ने हुन्थ्यो, अब उपहारमा पाएको यो पैसाले सबैभन्दा पहिले ऋण तिर्छु, अब ऋण तिर्नका लागि रोगी शरीर घोटिनु परेन", उहाँले भन्नुभयो ।रासस

# सुक्खाग्रस्त सङ्कटलाई सम्बोधन गर्ने कार्ययोजना कार्यान्वयनमा



वीरगञ्ज । जिल्ला विपद् व्यवस्थापन समितिले यहाँको खानेपानी र सिँचाइमा देखिएको सुक्खाग्रस्त सङ्कट समाधानका लागि अल्पकालीन र दीर्घकालीन कार्ययोजना (एक्सन प्लान) तयार पारेको छ ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको अध्यक्षतामा शनिबार बसेको समितिको बैठकले जिल्लामा देखिएको सुक्खाग्रस्त सङ्कट सम्बोधन गर्न १४ बुँदे कार्यान्वयन कार्ययोजना समेत स्वीकृत गरेको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी बाबुलाल रेग्मीले पर्सामा देखिएको सुक्खाग्रस्त सङ्कटलाई सम्बोधन गर्नका लागि एक्सन प्लानसहित अघि बढ्न लागेको जानकारी दिनुभयो । "अहिले पर्सासहित तराई-मधेसका अधिकांश जिल्लामा खानेपानी र सिँचाइको चर्को समस्या देखिएको छ। सोलाई अल्पकालीन र दीर्घकालीन रूपमा समाधान गर्न कार्ययोजनासहित अघि बढ्ने काम भइरहेको छ", उहाँले भन्नुभयो, "कार्ययोजनाले विपद्को घडीमा हुनसक्ने सम्भावित बेथितिलाई रोक्दै जनतालाई चुस्तदुरुस्त सेवा प्रवाह गर्ने विश्वास लिएका छौँ ।"

समितिले तयार पारेको कार्यान्वय कार्ययोजनामा जिल्लाको खानेपानीको स्थानगत (निड एनालाइसिस) गर्ने उल्लेख गरिएको छ । सो कार्यको कार्यान्वयन जिल्ला समन्वय समितिको अध्यक्षतामा गठित समन्वय समितिले तीन दिनभित्र सङ्घ/प्रदेशका खानेपानीसँग सम्बन्धित कार्यालय तथा संस्थानसँग आवश्यकताको पहिचानसहितको विस्तृत प्राविधिक प्रतिवेदन बनाउने रहेको छ।

सहायक प्रजिअ रेग्मीले कार्ययोजनामा आवश्यकता पहिचान आधारित क्षेत्रगत अल्पकालीन खानेपानी योजना तर्जुमा गरी यथाशीघ्र कार्यान्वयन गर्ने रहेको पनि जानकारी दिनुभयो। त्यसैगरी, खानेपानी चुहावट नियन्त्रण कार्यक्रम पनि सञ्चालन गरिने भएको छ । सोको कार्यान्वयन नेपाल खानेपानी संस्थान शाखा कार्यालय वीरगञ्जको अगुवाइमा वीरगञ्ज महानगरभित्रका वडा कार्यालयको सहयोगमा तीन दिनभित्र खानेपानी चुहावट नियन्त्रणका कार्यक्रम अघि बढाइने भएको छ।

समितिले तयार पारेको कार्ययोजनामा अनधिकृत विद्युतीय मोटर नियन्त्रण अभियान सञ्चालन पनि गरिने भएको छ । सो कार्य कार्यान्वयनसम्बन्धी वडा कार्यालय र आवश्यक समन्वय जिल्ला प्रशासन र सुरक्षा निकायले दुई दिनभित्र गर्ने उल्लेख गरिएको छ । सहायक प्रजिअ रेग्मीले गण्डक नहरको मर्मतसम्भार तथा सुदृढीकरणको काम भने नारायणी सिँचाइ व्यवस्थापन कार्यालयमार्फत कार्यान्वयन गर्ने जानकारी दिनुभयो । सो कार्यका लागि आवश्यक समन्वय भने स्थानीय तहसँग समन्वय गरेर गरिने छ ।

वीरगञ्ज महानगरसहित पर्साका पालिकाहरूमा वडा तथा टोलस्तरमा खानेपानीको किफायती प्रयोगसम्बन्धी सचेतना कार्यक्रम अघि बढाइने भएको छ। सो कार्यको अगुवाइ सम्बन्धित स्थानीय तह र खानेपानीसँग सम्बन्धित सङ्घ र प्रदेशका कार्यालयले पाँच दिनभित्र गर्ने योजना छ ।

सहायक प्रजिअ रेग्मीले कार्ययोजनामा कृषि ज्ञान केन्द्रमार्फत पर्सालाई माछाको पकेट जोनका रूपमा विकास गरी कार्यक्रम सञ्चालनका लागि सम्बन्धित निकायमा तीन महिनाभित्र सिफारिस गर्न योजना पनि समेटिएको जानकारी लिनुभयो । सो कार्यालयले माछाको पकेट जोनको पहिचान तथा सम्बन्धित निकायमा सिफारिस गर्नुपर्नेछ।

त्यसैगरी, कृषि ज्ञान केन्द्रले पाँच दिनभित्र सिँचाइ अभावमा धानबाली रोपाइँ हुन नसकी क्षति व्यहोरेका किसानको लगत र क्षतिको विवरण सङ्कलन गरी क्षतिपूर्तिका लागि आवश्यकतानुसार जिल्ला विपद् व्यवस्थापन समितिलाई सिफारिस गर्नुपर्ने एक्सन प्लानमा उल्लेख छ।

सो कार्य गर्दा लगत र क्षतिको विस्तृत प्रतिवेदन र सिफारिस गर्नुपर्ने शर्त राखिएको छ । त्यसैगरी स्थानीय तहले वीरगञ्ज चिनी कारखानालगायतका स्थानमा प्रयोगमा नआएका बोरिङलगायतका स्रोत पहिचान गरी सञ्चालन र सदुपयोग गर्ने सोका लागि सङ्घ र प्रदेशका खानेपानी कार्यालयसँग १५ दिनभित्र समन्वय गरेर काम अघि बढाउने पनि एक्सन प्लानमा समावेश गरिएको छ ।

त्यस्तै, सरसफाइसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन भने गैरसरकारी सङ्घसंस्थाको समन्वय र सहकार्यमा पाँच दिनभित्र सञ्चालन गर्ने कार्ययोजनामा उल्लेख छ । डिभिजिन वन कार्यालयको अगुवाइमा बृहत् वृक्षरोपण अभियान सञ्चालन गरिनेछ।

सो कार्य तीन महिनासम्म निरन्तर अघि बढाइने कार्ययोजनामा उल्लेख छ । त्यस्तै जिल्ला प्रशासन कार्यालयको अगुवाइमा जिल्लास्तरीय अन्तर तह-अन्तर सरकारी समन्वय संयन्त्र स्थापना गरी यथाशीघ्र संयन्त्रको गठन गरेर अघि बढाइनेछ । वडा कार्यालयको अगुवाइमा वडा-बस्ती तहमा खानेपानी सहजीकरण टोली खटाइनेछ। जसमा आवश्यक पर्ने शान्ति सुरक्षा भने जिल्ला प्रहरी कार्यालयले प्रबन्ध मिलाउनेछ।

पर्साका स्थानीय तहहरूले क्लष्टरमा आधारित उपयुक्त स्थानमा ट्याङ्कीको व्यवस्था गरी अभावग्रस्त क्षेत्रमा पानी आपूर्तिको व्यवस्था मिलाउने योजना पनि समावेश गरिको छ । सो कार्यमा प्रदेश खानेपानी कार्यालय र सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाबाट यथाशीघ्र अघि बढाइने भएको छ ।रासस

# सूर्यज्योति लाइफ इन्स्योरेन्सको सेल्स कन्भेन्सन सम्पन्न



**टुडे समाचारदाता**

पोखरा । सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले सेल्स कन्भेन्सन २०८२ सम्पन्न गरेको छ। देशभरका प्रोभिन्स हेड, रिजनल म्यानेजर, शाखा प्रमुख, सेल्स एक्जुकेटीव, ब्रान्च अपरेशन, बिभागिय प्रमुख, उच्च व्यवस्थापन लगाएत सञ्चालक समितिका पदाधिकारीको उपस्थितिमा करिब २०० जना कर्मचारीहरुको उपस्थितिमा कन्भेन्सन सम्पन्न गरेको छ ।

उक्त कार्यक्रममा कम्पनीका अध्यक्ष केशव प्रसाद भट्टराई, सञ्चालक हेमन्त नाहाटा, चुडामणि देवकोटा, प्रमुख कार्यकारी अधिकृत प्रकाश विक्रम खत्री, व्यवस्थापनका उच्च पदाधिकारी लगायतका व्यक्तित्वहरूको उपस्थिति रहेको थियो। साथै आगामी आव २०८२/८३ का लागि वि क्यान थिमलाई मूलमन्त्रका रूपमा आत्मसात गर्दै सम्पूर्ण कर्मचारीहरू एक जुट भएर लक्ष्य प्राप्तिका लागि अघि बढ्ने प्रण गरेका छन् ।

उक्त कार्यक्रममा भारतका सेल्स ट्रेनर अनिल कुमार झाले व्यक्तित्व विकास, अभिकर्ता निर्माण लगायत सेल्स सम्बन्धी विशेष ट्रेनिङ दिनुका साथै जीवन बीमा क्षेत्रमा सिकेको आफ्नो ३० वर्षभन्दा बढीको अनुभव बाडेका थिए ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रकाश विक्रम खत्रीले जीवन बीमा क्षेत्रमै ऐतिहासिक सफलता हासिल गर्न आफ्नो अमूल्य योगदान दिने सम्पूर्ण कर्मचारीहरु लाई कृतज्ञता व्यक्त गर्दै सदैव कम्पनीको मूल्य र मान्यतामा रहेर काम गर्न जोड दिनुका साथै बीमितको हित नै कम्पनीको हित भन्ने मूल मन्त्र लिन सबैलाई हौसला दिए ।

कार्यक्रममा प्रथम बीमाशुल्क, बीमालेखरुको बिक्री संख्या, सक्रिय अभिकर्ता निर्माण र सबैभन्दा बढि दिन नियमित व्यवसाय गर्ने तथा तोकिएको व्यावसायिक लक्ष्य हासिल गर्ने उत्कृष्ट १२९ जना कर्मचारीहरुलाई विभिन्न विधामा कम्पनीका अध्यक्ष केशव प्रसाद भट्टराई, सञ्चालक हेमन्त नाहाटा, चुडामणि देवकोटा, प्रमुख कार्यकारी अधिकृत, प्रकाश विक्रम खत्री तथा चिफ बिजनेश अफिसर फर्सुराम मरासिनि लगायतले सम्मान गरेका थिए ।

# बाल सुधार गृहमा चर्म रोग

**टुडे समाचारदाता**

वीरगञ्ज । अत्यधिक गर्मी बढेसँगै वीरगञ्जस्थित बालसुधार गृहमा चर्म रोग फैलिएको छ। गृहमा आश्रित बालक तथा किशोरहरूमा अहिले चिलाउने, लुतोको संक्रमण फैलिएको जनाइएको छ । गृहकी स्टाफ नर्स अन्जु कुमारी झन्डै एक महिनायता यो रोगको संक्रमण फैलिएको बताएकी छन् ।

उनले भनिन्, 'साँघुरो गृहमा कोच्चिएर बसेका बालक तथा किशोरहरूमा छिट्टै चर्म रोग फैलिएको हो, एक त प्रचण्ड गर्मी त्यसमाथि एउटै कोठामा १० देखि १५ जना सम्म कोच्चिएर बस्नु परेको अवस्था छ ।'

सो रोग लागेकाहरूसँग सम्पर्कमा आउनेलाई छिट्टै चर्मरोग सर्ने भएकाले गृहमा यो रोग तीव्र गतिमा विस्तार भएको उनले बताइन् । गर्मीका कारण दैनिक एक/दुई जना गृहमा आश्रित बालक बेहोस भइरहेको उनले बताइन् ।



गृहका निमित्त प्रमुख रवीन्द्रकुमार साह गृहको भौतिक संरचना जीर्ण र साँघुरो भएकाले बर्सेनि गर्मी महिनामा गृहमा समस्या हुने गरेको बताउँछन् ।

करिब २ कठ्ठा क्षेत्रफलमा मात्र फैलिएको गृहमा जम्मा ९ कोठा छन् । कोठाको आकार अनुसार तीनमा १० देखि १५ जना सम्म आश्रितलाई राख्नु पर्ने बाध्यता रहेको उनले बताए । गृहमा हाल १ सय २८ जना बालक तथा किशोर आश्रित छन् । यो क्षमताभन्दा करिब तेब्बर बढी संख्या छ ।

साँघुरो गृह परिसरमा खाना पकाउने मेस मुश्किलले सञ्चालन गरिएको छ। खेल मैदानको अभावले दिनभर गृहमा आश्रित बालक तथा किशोरहरू गफ गरेर बस्नु पर्ने बाध्यता छ । साँघुरो गृह परिसरमै गृहको कार्यालय, प्रहरीको युनिटसमेत सञ्चालनमा रहेको छ ।

# जलवायु परिवर्तनले नेपालीको स्वास्थ्यमा पारेको प्रभावलाई अन्तरराष्ट्रिय मुद्दा बनाउने घोषणा

काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले बोआओ फोरमअन्तर्गतको एसिया स्वास्थ्य फोरम २०२५ मा सम्बोधन गर्नुभएको छ ।

फोरमको पूर्ण सत्रमा नवप्रवर्तनद्वारा सञ्चालित स्वास्थ्य उद्योगको नयाँ भविष्य विषयमा सम्बोधन गर्दै मन्त्री पौडेलले नेपालले डिजिटल स्वास्थ्यमा रुपान्तरण गर्ने रणनीतिअन्तर्गत सक्रिय रूपमा काम गरिरहेको बताउनुभयो । यसका माध्यमबाट नागरिकको स्वास्थ्य पहुँच वृद्धिसँगै गुणस्तरमा सुधार ल्याउन काम भइरहेको भन्दै उहाँले एसियाली देशहरूसँग सहकार्यका लागि तयार रहेको उल्लेख गर्नुभयो ।

आधुनिक प्रविधिले लागत घटाउन, निदान, स्वास्थ्य प्रणाली व्यवस्थापन र जोखिम नक्साङ्कनमा सुधार गर्न सक्ने उल्लेख गर्दै मन्त्री पौडेलले स्वास्थ्यको पहुँच बाहिर रहेका नागरिकलाई ध्यानमा राखेर काम गरिरहेको स्पष्ट पार्नुभयो । रासस

## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८२/०१/१५ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : आदित्य कुमार झा**
**सिम्बोल नं.: २२७२५४४६**
**रजिष्ट्रेशन नं.: ७९३२७११७००२३**
**ठेगाना:जि.ध. जनकपुरधाम उ.म.न.पा., क्याम्पस चौंक**
**मो.नं. ९८१४८४७३८३**

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । पारिवारिक सद्भाव पनि बढ्नेछ।
**वृष :** पढाईमा प्रगति नै हुनेछ । अरुलाई प्रभावित पारेर अधुरा काम बन्नेछ।
**मिथुन :** धनलाभ हुनेछ। महिला वर्गबाट सहयोग मिल्नेछ ।
**कर्कट :** गरेका कामबाट राम्रै लाभ हुनेछ। प्रेमीको सहयोग पनि पाइनेछ ।
**सिंह :** स्वास्थ्यमा समस्या आउन सक्छ, सचेत रहनु होला ।
**कन्या :** एउटै कामबाट दोहोरो लाभ मिल्नेछ।
**तुला :** सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ ।
**वृश्चिक :** परिवारको साथ सहयोग मिल्नुका साथै यात्राका योग पनि देखिन्छन् ।
**धनु :** धार्मिक कार्यमा रुचि रहनुका साथै सामाजिक पदप्रतिष्ठा प्राप्त हुनेछ ।
**मकर :** विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ। आफन्तको प्रगतिमा मन रामाउनेछ ।
**कुम्भ:** जोशजाँगर र हिम्मत बढ्नेछ ।धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ ।
**मीन :** वैदेशिक क्षेत्रको कार्य अघि बढ्नेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# खडेरीको मारमा परेका किसानलाई राहत घोणाा गर्न माग



काठमाण्डु । राष्ट्रियसभा आइतबारको बैठकमा सदस्यहरुले तराई- मधेसका क्षेत्रमा खडेरीका कारण प्रभावित किसानका समस्या समाधान गर्न तथा समयमै मल बीउको सहज आपूर्ति व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराउनुभएको छ। बैठकमा सांसदहरुले प्रभावित किसानलाई किसानलाई तत्काल राहत प्याकेज घोषणा गर्न र प्राकृतिक विपद्बाट हुने क्षति न्यूनीकरणका लागि विपद् उत्थानशील पूर्वाधार निर्माण गर्न आग्रह गर्नुभयो।

नेपाली कांग्रेसकी सांसद कमलादेवी पन्तले नेपाल एयरलाइन्सको विमान खरिद प्रकरणमा विशेष अदालतको फैसलाको पूर्णपाठले औँल्याएका 'चयनमुखी दृष्टिकोण' अपनाइएको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुखले आफ्नो धारणा सार्वजनिक गर्नुपर्ने बताउनुभयो।

सांसद पन्तले राज्यका प्रमुख अङ्गको विश्वसनीयता दिन प्रतिदिन खस्कदै गएकामा चिन्ता व्यक्त गर्नुभयो। "संस्थागत विश्वसनीयता घट्दै गएको छ, सेवा प्रदायक र सेवाग्राहीको बीचमा विश्वास छैन", उहाँले भन्नुभयो, "सरकार मातहतका निकायले कमजोरी गरे कारबाही गर्ने कार्यपालिकाले हो, तर मन्त्रीहरुका बारेमा छ्याप्छ्याप्ती आइरहेका भिडियोका बारेमा हामी बोल्ने कि नबोल्ने, कोही कारबाहीमा पर्ने कोहीले उन्मुक्ति पाउने भन्ने आशङ्का बढ्दै गएको छ।"

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद झक्कुप्रसाद सुवेदीले तराई-मधेसमा खानेपानी तथा सिँचाइको सङ्कट भोगिरहेका नागरिकलाई तत्काल राहत दिन आग्रह गर्नुभयो। "अप्ठयारामा परेका नागरिकलाई सहायता गर्ने कागजी घोषणाबाट सरकार पन्छिन मिल्दैन, सरकारले ठोस् राहत प्याकजेको व्यवस्था गर्नुपर्छ", उहाँले भन्नुभयो, "पछिल्लो एक वर्षमा सरकारले जनताको आवश्यकता सम्बोधन गर्न सकेन, आर्थिक समृद्धि, अर्थतन्त्रको सुधार, रोजगारी, स्वास्थ्य सेवा प्रवाहमा सरकारले जोड दिनुपर्छ।"

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सांसद डा वेदुराम भुसालले जलवायु परिवर्तनका कारण तापमान वृद्धि हुँदा विश्व समुदाय प्रभावित भइरहेको उल्लेख गर्दै विश्वका सबै मुलुकले हरितगृह ग्यास उत्सर्जन कम गरी जवलायु परिवर्तन अनुकूलनका नीति अवलम्बन गर्नुपर्नेमा जोड दिनुभयो। जनता समाजवादी पार्टी (जसपा) नेपालका सांसद पूजा चौधरी मध्य बर्खामा सिँचाइको अभाव हुँदा अन्न भण्डारका रुपमा रहेको तराई-मधेसका क्षेत्रमा रोपाइँ हुन नसकेको जनाउँदै तराई-मधेस क्षेत्रमा देखिएको खडेरीले कूल गार्हस्थ उत्पादनमा ह्रास ल्याउने बताउनुभयो।

मनोनित सांसद डा अन्जान शाक्यले आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न सबल उत्पादन, आयात प्रतिस्थापन, निर्यातजन्य उद्योगलाई प्रोत्साहन, समावेशी पहुँच, महिला र सीमान्तकृत समुदायमा वित्तीय सेवाको पहुँचलाई ध्यान दिनुपर्ने बताउनुभयो। मनोनित सांसद वामदेव गौतमले ललितपुरको भैँसेपाटी क्षेत्रको ऐतिहासिक पक्ष हराउने गरी सङ्घीय मन्त्री निवास, प्रदेश प्रमुखको आवास राखिएकामा आपत्ति जनाउँदै सुरक्षाकर्मीको मार्चपासबाट सो क्षेत्रका मूलवासी मगर समुदाय त्रसित रहेको बताउनुभयो।

कांग्रेस सांसद विष्णुकुमारी सापकोटाले भौगोलिक वनावटका कारण नेपाल प्राकृतिक विपद्को जोखिममा रहेको जनाउँदै विपद् उत्थानशील विकासका योजना अघि बढाउनुपर्नेमा जोड दिनुभयो। नेकपा माओवादी केन्द्रका सांसद विष्णुबहादुर विश्वकर्माले वर्तमान गठबन्धन सरकारले एक वर्षको अवधिमा जनताको अपेक्षा सम्बोधन गर्न नसकेको आरोप लगाउँदै जनअपेक्षा पूरा गर्न आफ्नो पार्टीले खबरदारी गरिरहने बताउनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद रुक्मिणी कोइरालाले दोलखाको उत्तरी नाकालाई व्यवस्थित बनाउँदै सीमावर्ती क्षेत्रमा बस्ने नागरिकको दैनिक जनजीवनलाई सहज बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

**समसामयिक विषयमा सरकारको ध्यानाकर्षण**

राष्ट्रियसभाको बैठकमा सदस्यहरुले तराईमा पानी नपर्नाले भएको समस्यादेखि लिएर सरकार मन्त्रीहरुले सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्नेसम्मका विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ । रासस

# सप्तरीमा खानेपानीको अभाव



राजविराज । सिँचाइको अभावको समस्या छँदै गर्दा सप्तरीमा खानेपानीको समस्या भएको छ । जिल्लाको उत्तरी, पश्चिमी भेग तथा दक्षिण क्षेत्रमा यस्तो समस्या आएको हो। मधेस प्रदेशको हरेक जिल्लामा अहिले अत्यधिक गर्मी र समयमा बर्षा नभएका कारण चापाकलमा पानी सुक्न थालेपछि खानेपानीको अभाव भएको छ ।

सुक्खा जमिनका कारण ट्युबवेलमा पानी आउन कम भएकाले खानेपानीको समस्या भएको खडक नगरपालिका -५ खोजपुरका महेन्द्र ठाकुरले बताउनुभयो । उहाँले भन्नुभयो, "यस भेगमा विगत डेढ/दुई महिनादेखि खानेपानीको समस्या भोग्नु परेको छ, डिपबोरिङबाट पनि पानी आएको छैन।"

उहाँले चुरेक्षेत्रबाट खोजपुर गाउँ हुँदै बग्ने चापिन नदीमा पनि यसवर्ष पानी सुकेको बताउनुभयो । नदीमा असार र साउन महिनामा प्रत्येक वर्ष बाढी आउने गरेको भए पनि यसवर्ष सुक्खा बालुवा नै देखिएको छ। यस नदीमा पानी नभएका कारण पनि गाईभैँसीलाई पानी खुवाउनका लागि कुवाबाट पानी ल्याएर खुवाउनुपर्ने बाध्यता रहेको उहाँले गुनासो गर्नुभयो।

उहाँले भन्नुभयो, "नदी, चपाकल र डिपबोरिङ सबै सुकेपछि खडक नगरपालिकाभरिको अन्य वडामासमेत पानीको अभाव देखिएको छ।"

खडक नगरपालिका, ८, ३, १, २ र ४ मा पनि पानीको समस्या देखिएको छ । राजगढ गाउँपालिका र सुरुङगा नगरपालिका, बोदेवरसाइन नगरपालिका, शम्भुनाथ नगरपालिका, कञ्चनरुप नगरपालिका, विष्णुपुर गाउँपालिका, छिन्नमस्ता गाउँपालिकालगायत अधिकाश पालिकामा खानेपानीको अभाव रहको देखिएको छ ।लामो समयदेखि वर्षा नहुँदा जिल्लाको खाँडो नदी, जिता नदी, महुली खोला, बलान खोलालगायत आधादर्जन महत्वपूर्ण नदी अहिले सुक्खा अवस्थामा छन्।

जिल्ला प्रशासन कार्यालयले अभाव भएको गाउँमा खानेपानी वितरण सुरु गरेका छन् । जिल्लाको सुरुङा नगरपालिका-१० थलहा र सिसुवा, राजगढ गाउँपालिका-३ नर्घो, रुपनी गाउँपालिका-१ र २ पिपराही, विष्णुपुर गाउँपालिका-३ सिमरहा, अग्नि साइर कृष्ण संवरण गाउँपालिका-३ मटिगढी र राजगढ गाउँपालिका-१ मा खानेपानी अभाव भएको ठाउँमा प्रदेश सरकारले पानी पुऱ्याइरहको छ ।

जिल्ला विपद् व्यवस्थापन समितिले पनि राजविराजको बरख गण, भलुवाही ब्यारेकको दुईवटा ट्याङ्कमार्फत खानेपानी वितरण थालेको छ ।रासस

## १० वर्षमा मुलुकमा आमूल परिवर्तन भएको: मन्त्री दाहाल

ललितपुर। भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले १० वर्षको अवधिमा मुलुकको अवस्थामा आमूल परिर्वन देखिएको बताउनुभएको छ।

सिद्धिश्रमान अक्षलोक साहित्य केन्द्रद्वारा आइतबार ललितपुरमा आयोजित सम्मान अर्पण र पुरस्कार समर्पण कार्यक्रममा मन्त्री दाहालले १० वर्षअघिको नेपाल र अहिलेको नेपालमा उल्लेखनीय रुपमा सकारात्मक परिवर्तन देखिएको बताउनुभयो ।मन्त्री दाहालले भन्नुभयो, "सबैले खाना पाउनु, सबैले लगाउन पाउनुपर्ने समाजको परिकल्पना गरिएको हो। त्यसअनुरूप अहिले देशको विभिन्न भागमा पूर्वाधार विकास भइरहेको छ। पहिला बाटो नपुगेका ठाउँमा अहिले बाटो पुगेको छ, पुलहरू बनिरहेका छन्। विकासका दृश्यहरू विस्तारै देखिँदैछन्।"

सिद्धिश्रमान अक्षलोक साहित्य केन्द्रलाई धन्यवाद दिँदै मन्त्री दाहालले लामो समयदेखि शिक्षण पेसा तथा अक्षलोक साहित्यिक पत्रिका प्रकाशनमार्फत समाजमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै सिद्धिश्रमान श्रेष्ठको स्मृतिमा आयोजना गरिएको सम्मान अर्पण र पुरस्कार समर्पण कार्यक्रम अत्यन्त महत्वपूर्ण रहेको बताउनुभयो ।उहाँले भन्नुभयो, "प्रगतिवादी साहित्यमा सधैँ रुचि राख्ने र सामाजिक रूपान्तरणमा सिद्धिश्रमानको महत्वपूर्ण भूमिकाप्रति म सम्मान व्यक्त गर्न चाहन्छु ।रासस

# कलैया उपमहानगरले सामुदायिक विद्यालयको स्तर सुधार्न योजनाबद्ध पहल गर्ने




वीरगञ्ज । कलैया उपमहानगरले चालु आर्थिक वर्षमा यहाँका सामुदायिक विद्यालयको पठनपाठन र स्तर सुधार्नका लागि विशेष योजना बनाएर कार्यान्वयन गर्ने भएको छ । उपमहानगरले गत वर्षको एसइई परीक्षामा नतिजा खस्किएसँगै सामुदायिक विद्यालयको पठनपाठन र स्तर सुधार्नेतर्फ विशेष कार्यक्रम अघि बढाउने भएको हो।

कलैया उपमहानगरका प्रमुख विनोदप्रसाद साहले आइतबार वीरगञ्जमा कारखाना समूहले आयोजना गरेको 'शिक्षा नीति संवाद' कार्यक्रममा विसं २०८२ मा सामुदायिक विद्यालयको गुणस्तर सुधारमा योजनाबद्ध काम गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

"कलैयामा रहेका सामुदायिक विद्यालयको नतिजा राम्रो नआएपछि दोष सबै शिक्षकलाई दिने चलन छ । नतिजा राम्रो ल्याउन शिक्षक, विद्यार्थी, अभिभावक सबैको महत्त्वपूर्ण भूमिका रहन्छ", उहाँले भन्नुभयो, "यस वर्षको नतिजा सुधारका लागि सुरुवाती चरणदेखि आवश्यक मेहनत गरेर शैक्षिक गुणस्तर सुधार्नेतर्फ ध्यान दिनेछौँ। यसमा सबैले सहकार्य र समन्वय गर्नु जरुरी छ।"

प्रमुख साहले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको अनुपस्थितिदर अत्यधिक हुने भएकाले यसलाई सरोकारवाला निकाय, शिक्षक, अभिभावक र विद्यार्थीको सामूहिक पहलबाट जरुरी हुनेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "उपमहानगरमा २० वटा माध्यामिक विद्यालयमध्ये अधिकांशमा मावि तहका शिक्षकको दरबन्दी नहुँदा पनि पठनपाठनमा समस्या भइरहेको छ ।" उहाँले प्रावि दरबन्दीका शिक्षक तथा आन्तरिक स्रोतबाट शिक्षक जुटाएर माविमा अध्ययन अध्यापन गराउनुपर्ने बाध्यता रहेको बताउनुभयो। उपमहानगरका शिक्षा महाशाखा प्रमुख राजिवकुमार यादवले सामुदायिक विद्यालयमा शिक्षकको दरबन्दी नहुँदा पठनपाठनमा समस्या हुँदै आइरहेको गुनासो गर्नुभयो । उहाँका अनुसार उपमहानगरभित्र ७१ वटा सामुदायिक विद्यालय छन्।

उपमहानगर शिक्षा समिति सदस्य महम्मद सगीरले यहाँका सामुदायिक विद्यालयमा गणित, विज्ञान, अङ्ग्रेजीलगायत विषयका शिक्षक नहुँदा पनि समस्या भइरहेको बताउनुभयो । उपप्रमुख रोशन प्रविणले विद्यालय सुधार्न सबैले हातेमालो गरेर अघि बढ्नुपर्ने बताउनुभयो । कारखाना समूहका मधेश प्रदेश संयोजक निरजकुमार मिश्रले सामुदायिक विद्यालयको शिक्षाको गुणस्तर बढाउनका लागि स्थानीय सरकारले सक्रिय भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो ।रासस

# पानी अभाव भएपछि वीरगञ्जमा 'हुकिङ'मार्फत डिपबोरिङ



वीरगञ्ज । खानेपानीको अभाव कम गर्न पर्सामा बिजुलीको पोलबाट लाइन 'हुकिङ' गरेर पानी तान्ने गरेको पाइएपछि नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र वीरगञ्जले उपभोक्ता समितिहरुलाई अनिवार्य रुपमा मिटर जडान गरेर विद्युत् प्रयोग गर्नका लागि अनरोध गरेको छ।

नेपाल विद्युत् प्राधिकरण वीरगञ्ज वितरण केन्द्रका प्रमुख अवधेशकुमार दुवेले खानेपानी र सिँचाइका लागि मिटरसहितको विद्युत्को लाइन जडान गरेर मात्रै डिपबोरिङ गर्नका लागि अनुरोध गर्नुभयो। "उपभोक्ता समितिहरुले आवश्यक पर्ने कागजात लिएर आएको खण्डमा २४ घण्टाभित्रै डिपबोरिङ रहेको स्थानमा लाइनसहितको मिटर जडान गरिदिनेछौं। त्यसैले मिटर जडान नगरिकनै हुकिङ गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुहुन अनुरोध गरिन्छ", उहाँले भन्नुभयो।

वितरण केन्द्रका प्रमुख दुबेले ओभर ट्रिपिङको कारणले विद्युत्मा 'सर्टसर्किट' र विद्युत् चुहावट दुवै नियन्त्रण गर्नका लागि खटिनुपर्ने अवस्था आएको बताउनुभयो।

वीरगञ्ज महानगर वडा नं २० का वडाध्यक्ष रामकिशोर सिंहले विद्युत् प्राधिकरण पनि राज्यकै निकाय भएकाले अनिवार्य रुपमा मिटर जडान गरेर डिपबोरिङ सञ्चालन गर्नका लागि अनुरोध गर्नभयो । "पानी तान्ने डिपबोरिङका लागि आवश्यक पर्ने मिटर जडान गरेर सञ्चालन गर्नका लागि नगरवासीसँग अनुरोध गर्दछु", उहाँले भन्नुभयो, "मिटर जडान गरेर विद्युत् प्रयोग गर्दा अन्य कुनै पनि खालका जोखिमबाट पनि बच्न सकिन्छ।"

पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले पनि विद्युत् चोरी तथा चुहावट गर्ने कार्यमा संलग्न हुनेलाई आवश्यक कानुनी दायरामा ल्याउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । पर्साको खानेपानी तथा सिँचाइसम्बन्धी समन्वय र सहजीकरण समितिको आज बसेको बैठकले पनि चालु अवस्थामा रहेका डिपबोरिङमा विद्युत् व्यवस्थाका लागि स्थानीय वडाध्यक्ष/जनप्रतिनिधिको समन्वयमा उपभोक्ता समिति गठन गर्ने र विद्युत् मिटर जडान गर्ने व्यवस्था मिलाउने निर्णय गरेको छ।


खानेपानी र सिँचाइ विद्युत् आपूर्तिको लागि निवेदन प्राप्त भएको २४ घण्टाभित्र नेपाल विद्युत् प्राधिकरणले विद्युत् मिटर जडान गर्ने निर्णय भएको जिल्ला समन्वय समितिका अध्यक्ष नीरञ्जन साह सोनारले जानकारी दिनुभयो।

"हालसम्म खानेपानी संस्थानलगायत अन्य निकायबाट जडान भएको धारा तथा बोरिङको लगत सङ्कलन गर्ने", उहाँले भन्नुभयो, "खानेपानी अभाव रहेको क्षेत्रको पहिचान गर्ने र आवश्यकता पहिचान भएको क्षेत्रमा पानी आपूर्तिको अवधारणापत्र तयार गर्ने पनि निर्णय गरेको छ।"

समितिको बैठकले वास्तविक रुपमा खानेपानी अभाव भएका क्षेत्रको पहिचान गरी न्यूनतम पाँच हजार लिटर क्षमताका आवश्यक सङ्ख्यामा ट्याङ्की जडान गर्ने र सोको समन्वय युनिसेफ नेपाल र जिल्ला समन्वय समितिले वीरगञ्ज महानगरपालिकासँगको समन्वयमा सात दिनभित्र जडान गर्ने निर्णय गरेको छ।

त्यस्तै गरी खानेपानीको वैकल्पिक सुविधा नभएको ठाउँमा डिपबोरिङ जडान गर्नुपरेमा स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिसमा बोरिङ जडान गरी सोको जानकारी जिल्ला विपद् व्यवस्थापन समितिलाई समेत गराउने पनि निर्णय भएको छ ।रासस

# जुडिबेला खानेपानी आयोजना : दशवर्षमा आधा काम, जुडिबेलावासी समस्यामा



चन्द्रपुर । निर्माण थालनी भएको १० वर्षसम्म पनि चन्द्रपुर नगरपालिका-२ स्थित जुडिबेला खानेपानी आयोजना सम्पन्न नहुँदा स्थानीयवासी आर्सनिकयुक्त पानी प्रयोग गर्न बाध्य छन् । जुडिबेलाका दुई हजार ५०० घरका करिब १० हजार नागरिकलाई सो आयोजनाले शुद्ध पानी उपलब्ध गराउने जनाइएको छ।

चन्द्रपुर नगरपालिकाका अन्य नौवटै वडामा खानेपानी आयोजना सञ्चालनमा आएको भएता पनि वाड नं २ जुडिबेलामा अहिलेसम्म शुद्ध खानेपानीको पहुँच पुगेको छैन । विसं २०७२ बाट निर्माण सुरु भएको उक्त आयोजनाको अहिलेसम्म ५५ प्रतिशतमात्र भौतिक प्रगति भएको सर्लाहीस्थित खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयको तथ्याङ्कमा उल्लेख छ । आयोजना सुरु भएको १० वर्ष बित्दा पनि सम्पन्न हुन नसक्दा स्थानीय समस्यामा परेका जुडिबेला खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष भोला थपलियाले बताउनुभयो।

"यस क्षेत्रका नागरिकले ३० देखि ५० फिटमुनिको आर्सनिकयुक्त पानी पिइरहेका छन्", उहाँले भन्नुभयो, "सङ्घीयतामा कार्यान्वयनमा पहिलादेखि नै यो आयोजना सुरु भएको हो, सङ्घीयतामा गएपछि यो आयोजना न सङ्घीय सरकारको ध्यानमा गयो न त प्रदेशको प्राथामिकतामा नै पर्यो।"

जुडिबेलावासीलाई शुद्ध पानी खुवाउनका लागि विभिन्न निकायमा धाइरहेको पनि उहाँले दुःखेसो गर्नुभएको छ । करिब दुई सय घरलाई सिधै मोटरबाट ट्याङ्कीमा जम्मा नगरिकन पानी पठाइरहेको उहाँले जानकारी दिनुभयो।

यस वडाको घरघरमा धारा पुर्याउनका लागी अझै करिब ३५ किलोमिटर मेनलाइन पाइपको आवश्यकता रहेको सोही समितिका सदस्य टेकनाथ खरेलले जानकारी दिनुभयो। फूलबारीबाट वनटोल र रैयाटोलसम्मका नागरिकको घरघरमा पानी पुर्याउनका लागि मेनलाइनको पाइप अत्यवश्यक रहेको उहाँले बताउनुभयो।

यो आयोजनाबाट मात्र यहाँका नागरिकलाई खानेपानी नपुग्ने हुँदा अर्को फेरी खानेपानीको योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको खरेलले सुझाव दिनुभएको छ । यस वडामा जनगणना २०७८ अनुसार नौ हजार ९८२ जनसङ्ख्या रहेको छ । उक्त जनगणनाअनुसार दुई हजार ४८ घरपरिवार जनाएको भएता पनि हालसम्म सो वडामा दुई हजार ५०० भन्दा बढी घर रहेको वडाध्यक्ष दुत्तबहादुर थिङले जानकारी दिनुभयो।

आर्थिक वर्ष २०८०/८१ सम्म उक्त आयोजनाको ५५ प्रतिशत काम सम्पन्न भइसकेको सो आयोजना हेर्ने खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका इञ्जिनियर विवेक झाले जानकारी दिनुभयो । अहिलेसम्म जुडिबेला खानेपानी आयोजनामा चार लाख ५० हजार लिटर क्षमताको ओभरहेड ट्याङ्की निर्माण सम्पन्न भएको भएता पनि ट्याङ्की निर्माण गर्ने ठेकेदारको रु ५४ लाख भुक्तानी हुन नसकेको इञ्जिनियर झाले बताउनुभयो।

आयोजनाअन्तर्गत डिपबोरिङ जडान, कार्यालय भवन निमार्ण, विद्युतीकरण, पम्पहाउस निर्माण तथा करिब २७ किलोमिटर मेनलाइनको पाइप गाडिसकिएको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार बजेट अभावका कारण मेनलाइनको पाइप खरिद गर्न नसक्दा काम ठप्प भएको छ । उहाँले भन्नुभयो, "बजेट माग गरिए पनि आउने नआउने ठेगान छैन । बजेट समयमा नै आउने हो भने काम सम्पन्न गर्न सकिन्छ। रासस


## साना किसान कृषि सहकारी संस्था लि.

**नगराईन नगर पालिका :- ४ फुलगामा, धनुषा, मधेश प्रदेश**

## आवश्यकता

**सूचना प्रकाशित मिति :- २०८२/०४/१२**

साना किसान कृषि सहकारी संस्था लि. नगराईन -४ फुलगामा, धनुषामा २ जना दक्ष कर्मचारीहरुको आवश्यकता परेको हुदा ईच्छुक व्यक्तिले कार्यालय संचालन तथा GGGI परियोजनाको सहकार्यमा तेल तथा मसाला मिल संचालन गर्नको लागि कर्मचारी पदपुर्ति उपसमितिको बैठक नं. २ मिति २०८२/०३/२५ गतेको प्रस्ताव नं. ३ को निर्णय अनुसार तपसिल अनुसारको करार सेवाको लागि कर्मचारी आवश्यकता परेको हुदा सुचना प्रकाशित मिति २०८२/०४/१८ गते रविवार बेलुका ५:०० बजे भित्रमा तपसिल अनुसारको योग्यता पुगेको ईच्छुक व्यक्तिले यस संस्थाको कार्यालयमा आएर आफ्नो बायोडाटा सहित हालै खिचिएको पासपोर्ट साइजको फोटो ४ प्रति, रितपुर्वक तोकिएको ढाँचाको व्यक्तिगत विवरण, मान्यता प्राप्त शिक्षण संस्थाबाट शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी, नागरिकता प्रमाण पत्रको प्रतिलिपी र तालिम तथा अनुभवको प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी दरखास्त पेश गर्न सूचना आह्वान गरिएको छ।

**तपसिल**

**१. आवश्यक कर्मचारी संख्या तथा योग्यता**

| विज्ञापन नं. | पद | सेवाको प्रकार | तह | संख्या | शैक्षिक योग्यता | उमेरको हद |
|---|---|---|---|---|---|---|
| १/०८२/०८३ | लेखा कर्मचारी Accountant | करार | चौंथो | १ | वणिज्य शास्त्र वा व्यवस्थापन संकायमा १०+२ वा सो सरह उत्तिर्ण गरेको कम्तिमा १ वर्षको अनुभव | १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको |
| २/०८२/०८३ | MEL कर्मचारी Monitoring, Evaluation, and Learning | करार | चौंथो | १ | कुनै पनि संकायबाट १०+२ उत्तिर्ण गरी अनुगम तथा मुल्याडकन क्षेत्रमा कम्तिमा १ वर्षको अनुभव | १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको |


२. लिखित परिक्षाका लागि सम्पर्क मिति २०८२/०४/१९ सोमवार।
३. कम्प्युटरको तालिमको प्रमाण पत्र लेखा र MEL लाई अनिवार्य।
४. कुनै किसिमको फौजदारी अभियोग नलागेको।
५. **सेवा सुविधा** : साना किसान कृषि सहकारी संस्था लि.फुलगामा-४, धनुषाको निर्णय अनुसार हुनेछ।
६. डिजिटल माध्यम (Gmail, Whatsapp, MS-Word, Excel, Power point) चलाउन सक्ने र अनुभवीलाई विषेश प्राथमिकता दिईनेछ।
७. **करार अवधि** : ६ महिनाको लागि मात्र।
८. आवेदन फारम सा.कि.कृ.स.सं. लि.फुलगामा-४ वा साना किसान कृषि सहकारी संस्था लि फुलगामा ४ को फेसबुक पेजमा उपलब्ध छ।
९. आवेदन अनलाइन मार्फत ईमेल sfaclphulgamadhnusha@gmail.com मा फरेर पठाउन सकिन्छ।

**नोट : परिक्षा आवेदन भर्ने समय अवधि** :- २०८२ श्रावण १८ गते रविवार बेलुका ५:०० बजे सम्म।

**स्थान** : साना किसान कृषि सहकारी संस्था लि. फुलगामा-४ धनुषा।

**परिक्षाको किसिम** : लिखित, मौखिक, अन्तरवार्ता, शारिरीक तन्दुरुस्ती र आवश्यकता अनुसार प्रयोगात्मक।

**भवदिय**
**कर्मचारी पदपुर्ति उप-समिति**
**साना किसान कृषि सहकारी संस्था लि.फुलगामा-४, धनुषा**




**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# डिप बोरिंग चालु गर

सुख्खाग्रस्त मधेशमा जडान भएको डिप बोरिंगहरु मध्ये अधिकांश चालु हुन सकेको छैन । बोरिंग जडानमा सरकारले लगानी गरिसकेको छ । अब विद्युतीकरण गरेर चालु गर्न आवश्यक छ । सरकारले अत्यधिक लगानी गरिसकेको छ । अब थोरै लगानीमा विद्युतीकरण गरेर सिचाइँको सुविधा उपलब्ध गराउन सकिन्छ । कृषि विद्युतीकरणका लागि मधेश प्रदेश सरकारले तत्काल निर्णय लिएर काम अगाडि बढाउन आवश्यक छ । हुन त धान खेतीका लागि पर्याप्त पानी चाहिन्छ । वर्षा बिना रोपिएको धान पनि हुनेमा शंका नै छ । तर पनि किसानले लगानी गरेर धान रोपाइँ गर्न चाहिरहेका छन् । खेतमा रोपाइँ भए वर्षा हुँदा त्यसले धानलाई फाइदा पुग्ने छ । नहुने भन्दा केही धान उब्जनी त हुने किसानको विश्वास छ । अत्यधिक आत्मविश्वास भएका किसानहरु धान रोपाइँ गरिरहेका छन् । अत्यधिक लगानी गरी भइरहेको धान रोपाइँबाट उब्जनीले किसानलाई लाभ हुने सम्भावना छैन । तर खेत बाँझो राख्ने भन्दा भगवानले एक दिन पानी पार्ने आत्मविश्वासका साथ खेतमा महँगो सिचाइँ गरी रोपाइँ गर्न थालेका छन् । किसानको मनोबल बढाउन सरकारले डिप बोरिंग चालु गर्ने र मलखाद सहज रुपमा उपलब्ध गराउन अत्यावश्यक छ । अहिले पनि किसानले मल पाइरहेका छैनन् । सरकारी गोदाममा मल प्रयाप्त रहेको बताइन्छ । तर किसानले खेतमा पानी हालेर मल किन्न सीमावर्ती भारतीय बजारमा जान बाध्य छन् । प्रदेश र संघीय सरकारले मधेश प्रदेशलाई सुख्खा प्रदेश घोषणा गरेको छ । तर किसानलाई सहुलियत उपलब्ध गराइरहेको छैन । पालिकाहरुले अहिले किसानलाई सिचाइँमा लाग्ने विद्युत महसुल तिर्नुपर्ने हो । किसानलाई चौतर्फी सहयोग गरी धान रोपाइँमा मद्दत गर्नुपर्छ । प्रदेश सरकारले सुख्खाग्रस्त घोषणा गरे पनि किसानलाई हालसम्म कुनै सहुलियत उपलब्ध गराएको छैन । खेतमा डिप बोरिंगा गाडिएको छ । तर विद्युत नहुँदा त्यसबाट पानी आउँदैन । किसानको खेतमा धुलो उडिरहेको छ । रोपेको खेतमा धाँजा फाटेको छ । धान जलिरहेको छ । तर खेतमै रहेको डीप बोरिंगबाट विद्युत नहुँदा पानी झर्दैन । प्रदेश सरकारले कम्तिमा त्यति काम गरिदिए पनि धेरै किसानलाई सहुलियत हुने थियो । केही सय बिघा जग्गामा सिचाइँ पुग्ने थियो । किसानहरुले सरकारलाई आग्रह गरे पनि सुख्खाग्रस्त क्षेत्र घोषणा गरी प्रदेश सरकारले नागरिकलाई ठूलो उपकार गरिदिए जस्तो छ । टैंकर र बारुणयन्त्रले केही स्थानमा पानी पुर्‍याएर राम्रै काम गरिरहेको छ । तर हरेक आवश्यक ठाउँमा सरकारले पानी पुर्‍याउन चासो देखाएको छैन । पानी पुर्‍याएर ठाउँको फोटो सामाजिक सञ्जालमा राखेर मात्र पीडितहरुलाई पानी पुग्दैन । अहिले पानी दिन नसक्ने सरकारले आगामी दिनमा भोंट माग्न कठिन हुन सक्छ ।

# भूमिमा सामूहिक स्वामित्वको सम्भावना



अमलकिरण ढकाल

नेपालको संविधानले मुलुकको अर्थव्यवस्था समाजवादतर्फ लैजाने प्रतिबद्धता व्यक्त गरेको छ । कुन किसिमको समाजवादी अर्थव्यवस्था बनाउने हो भन्ने खाका अझै स्पष्ट भइनसके तापनि समाजवादको आधार तयार गर्ने भन्नेसम्म सबै प्रमुख राजनीतिक दलहरूको विमति देखिन्न । हाल विश्वमा प्रचलित विभिन्न स्वरूपका समाजवादी अर्थव्यवस्थामध्ये प्रमुख रूपमा राज्यनियन्त्रित समाजवादी ढाँचा, बजारमा आधारित चिनियाँ समाजवादी ढाँचा, लोकतान्त्रिक नर्डिक मुलुकहरु (नर्वे, डेनमार्क, स्वीडेन, फिनलैण्ड, आइसलैण्ड) समाजवादी ढाँचा, उदारवादी समाजवादी ढाँचा, सामुदायिक समाजवादी ढाँचा र मिश्रित समाजवादी ढाँचामध्ये कुन मोडेलमा जाने हो स्पष्ट हुन आवश्यक छ ।

समाजवादको गन्तव्य तय भइसकेको हालको स्थितिमा समाजवादको मूलमर्म भनेको उत्पादनका साधनहरूमा सामूहिक स्वामित्व र उपभोगमा सबैको पहुँच हुनु हो भन्ने बुझ्नु आवश्यक छ । त्यसमा पनि प्रकृति प्रदत्त जल, जमिन, वायु, प्रकाश र आकाशजस्ता सार्वजनिक वस्तुहरू सबैको पहुँचमा हुनुपर्दछ भन्ने मान्यता पनि छ । त्यसो हुँदा राष्ट्रभित्रको सम्पूर्ण भूभाग पूर्णतः राज्यको अधिनमा हुनुपर्ने अवस्था रहन्छ । तर मानव समाजमा व्यक्तिगत सम्पत्ति कायम भएदेखि नै भूमिको स्वामित्व व्यक्तिको अधिनस्थ बनाइएकाले सबै भूमि निःशर्त राज्यको सार्वजनिक सम्पत्ति भन्नसक्ने अवस्था रहेको देखिन्न । यस स्थितिमा भूमि प्रकृतिप्रदत्त सार्वजनिक स्रोत हुँदाहुँदै पनि समाजवादी प्रयोजनले राष्ट्रियकरण वा सामूहिकीकरण गर्ने कुरा जटिल बहसको विषय बन्न गएको छ ।

अर्थशास्त्रीय हिसाबलेभन्दा जग्गा जमिन उत्पादनको प्रमुख साधन एवं पुँजीको स्रोत र अचल सम्पत्ति पनि हो । भूमि माग र आपूर्तिका आधारमा घटाउन बढाउन नसकिने स्थिर वस्तु पनि हो । मानव समाजको इतिहासमा वस्तु विनिमय हुँदा वस्तुको उपयोगिता, दुर्लभता, उर्बरता, निश्चितता, स्थिरता आदि गुणहरूका कारण मूल्यको सिर्जना गरिए झैँ भूमिको पनि अन्तर्निहित मूल्य कायम हुँदै आएको हो । यसरी व्यक्तिगत सम्पत्ति कायम भएको भूमि व्यक्तिको सम्पत्ति मात्र नभई मानव सभ्यता, धर्म, संस्कृति, समृद्धि र समाजको जीवन आधारसँगसमेत जोडिएकाले बढी संवेदनशील विषय बनेको हो ।

भूमिमाथिको आधिपत्यको सभ्यता खोज्दै जाँदा मानिसको घुमन्ते सिकारी जीवनबाट निश्चित स्थानमा बसोबास गर्ने अवस्थासम्म जानुपर्ने हुन्छ । त्यसबखतमा मानिसको कुनै स्थान विशेषमा स्थायी बसोबास रहे पनि कृषि कार्य सुरू नगरेसम्म भूमि अधिकारको खासै महत्व रहेको देखिँदैन । विश्वमा सर्वप्रथम मेसोपोटामियाबाट सुरू भएको आदिम कृषि कार्यले भूमि उत्पादनको साधनका रूपमा मान्य भयो । यसरी भूमिको उत्पादनशील उपयोग भएसँगै प्राचीन रोम, युनान र मिश्र एवं मध्ययुगीन बेलायत, यूरोपका शक्तिशाली शासक तथा धर्मगुरूहरूले समुदायमा रहेको जमिनको ठूलो हिस्सामा आफ्नो अधिकार जमाई दास किसानलाई केबल कामदारका रूपमा उत्पादन गर्न लगाउन थाले ।

उत्पादन बढेसँगै युरोपबाट सुरू भएको औद्योगीकरण तथा उपनिवेशवादको विस्तारले विभिन्न मुलुकमा आदिवासी समुदायले उपभोग गरिरहेको जमिन शासकहरूले आफ्नो अधीनमा ल्याउन थाले । अमेरिकाले सन् १८६२ मा जारी गरेको होमस्टेड ऐन कानुनले जमिनमाथिको आदिवासीहरूको सामुदायिक अधिकार खारेज गरी पुँजीको विकासका लागि १६० एकडसम्म (करिब ९५ बिघा) जमिन व्यक्ति विशेषलाई उपलब्ध गराउने व्यवस्था गर्‍यो । यसरी व्यक्तिगत सम्पत्तिका पक्षधरहरूको प्रभुत्व बढ्दै गएपछि विश्वभरि नै सार्वजनिक भूमि निजीकरण गरी त्यस्तो सम्पत्ति संविधानबाटै अनतिक्रमित बनाउँदै लगियो । यसरी जग्गाको स्वामित्व स्वाभाविक रूपमा व्यक्तिमा स्थापित हुँदै आएको नभई राज्यसत्ता र शक्तिमा हुनेले हत्याएको तथ्य स्वतः पुष्टि हुन्छ ।

नेपालका सन्दर्भमा हेर्दा वैदिककालमा सबै जग्गा राज्यको अधीनमा रहेको पाइन्छ । व्यक्तिगत स्वामित्वको महत्व बढ्दै गएपछि भने सरकारी, सार्वजनिक जमिनमा राज्यसत्ताका शासकहरूले व्यक्तिगत अधिकार जमाउँदै गएको र विर्ता, गुठी, किपट, जागिर, रकम, खान्गी आदि नाममा आफ्ना नजिकका मान्छेहरूलाई उपलब्ध गराएको देखिन्छ । आफ्नो शासनअन्तर्गत रहेका रैतीहरूबाट कर उठाउने प्रयोजनका लागि रैकरमा परिणत गरी व्यक्ति विशेषको निजी बनाउँदै लगिएको देखिन्छ । नेपालमा त्यस बखत जग्गाको नापजाँच फरक फरक इलाका अनुसार हलो, पाटे, कुटो, कोदालो, माटो मुरी, बिजन माना पाथी आदि इकाइमा राख्ने गरिएकाले जग्गाको प्रयोजन राज्यकोषका लागि कुत तिरो लिनेमा नै बढी केन्द्रित भएको पाइन्छ ।

नेपालको संविधान, २०७२ ले पनि भूमिमाथिको सम्पत्तिको हक सुनिश्चित गर्दै प्रत्येक नागरिकलाई चल, अचल सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक स्थापित गरेको छ । त्यस्तो व्यक्तिगत सम्पत्ति (जग्गा जमिन) सार्वजनिक प्रयोगमा ल्याउनुपर्ने भए राज्यले सम्बन्धित व्यक्तिलाई मुआब्जा दिएर मात्र अधिग्रहण गर्न सकिने व्यवस्था गरिएको छ । संविधानको धारा २५ मा उल्लेखित उक्त व्यवस्था रहेसम्म भूमिमाथिको व्यक्ति विशेषको स्वामित्व परिवर्तन गर्नसक्ने अवस्था नदेखिए तापनि समाजवादको पूर्वाधार तयार गर्ने क्रममा उपधारा (४) बमोजिम राज्यले नीति, नियम र योजना बनाई समुदायस्तरबाट भूमिको वैज्ञानिक व्यवस्थापनको कार्य अघि बढाउन सक्ने देखिन्छ ।

समाजवादी दृष्टिले हेर्दा नेपालको कूल जमिनमध्ये वन, बुट्यान, हिमाल, पहाड र नदीनालाले ढाकेको करिब ७४ प्रतिशत सरकारी, सार्वजनिक जमिनमा मात्र सरकारले सहज व्यवस्थापन गर्नसक्ने र बाँकी २६ प्रतिशत आवादी तथा संरचना रहेको जमिनको स्वामित्व परिवर्तन गर्न जटिल देखिन्छ । साथै, उल्लेखित आवादी र संरचनाले ढाकेको जमिनमध्ये पनि जग्गाधनी दर्ता प्रमाणपूर्जा (लालपुर्जा) भएको सरकारी, सार्वजनिक र व्यक्तिगत स्वामित्वमा कुन किसिमको कति प्रतिशत जग्गा कायम छ भन्ने यकिन राष्ट्रिय तथ्याङ्कसमेत राज्यबाट प्रवाहित भएको देखिन्न ।

तत्कालीन अवस्थामा जग्गाको अभिलेख राख्ने हालको मालपोत, नापी कार्यालयहरू मोठ अड्डा, लाल अड्डा, तहसिल अड्डा, माल अड्डा आदि नाममा रहेका भए तापनि २०२१ सालमा जग्गाको आधुनिक नापजाँच सुरू नभएसम्म यकीन क्षेत्रफल भन्नसक्ने स्थिति देखिन्न । त्यसपछि मात्र पहाडमा रोपनी र तराईमा बिघाको इकाइमा राखिएको क्षेत्रफल मिटर, हेक्टर तथा एकडमा समेत भन्न सकिने अवस्था बनेको छ ।

सरकारले हालै जारी गरेको भू-उपयोग नीतिमा जग्गाको साविक वर्गीकरण अबल, दोयम, सीम, चाहार खेत र पाखो भन्ने सट्टा प्रयोजन अनुसार कृषि, आवास, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, वन, नदी खोला ताल सिमसार, सार्वजनिक उपयोग, सांस्कृतिक तथा पुरातात्विक महत्व र अन्यगरी १० वटा क्षेत्रमा गरिएको वर्गीकरणबाट भू-व्यवस्थामा केही सहजता आउनसक्ने देखिन्छ । तथापि, आधुनिक जग्गा नापजाँच सुरू भएको ६० वर्षभन्दा बढी अवधि भैसक्दा पनि स्वामित्वको प्रकारअनुसार अद्यावधिक अभिलेख नहुँदा विभिन्न सवालहरू आइरहेको देखिन्छ । साथै, जग्गा जमिनलाई समृद्धिको मूल आधार मानिदा घर, समाज र राष्ट्रमा अत्यधिक विवाद, मुद्दामामिला, झैझमेला, सत्ता र शक्तिको दुरूपयोग स्वामित्वका कारणले उत्पन्न भएको देखिन्छ । यसैमा राष्ट्रको अत्यधिक जनशक्ति, समय, स्रोतसाधन खर्च हुनुका साथै विकास निर्माण कार्यसमेत उल्झिरहेको देखिन्छ ।

> जग्गा जमिनलाई समृद्धिको मूल आधार मानिदा घर, समाज र राष्ट्रमा अत्यधिक विवाद, मुद्दामामिला, झैझमेला, सत्ता र शक्तिको दुरूपयोग स्वामित्वका कारणले उत्पन्न भएको देखिन्छ । यसैमा राष्ट्रको अत्यधिक जनशक्ति, समय, स्रोतसाधन खर्च हुनुका साथै विकास निर्माण कार्यसमेत उल्झिरहेको देखिन्छ ।

कुनै पनि देशमा जग्गा जमिनको महत्व सर्वाधिक रहन्छ । बाँच्नका लागि अक्सिजन जस्तै भूमि नभई रहन सकिन्न । तर त्यसमा व्यक्तिगत स्वामित्व कायम गरी सम्पत्ति एवं पुँजीको मुख्य आधार बनाइँदा बिनाश्रम सिर्जित मूल्यले आर्थिक विचलन बढ्न गई समाजको विकास लक्ष्य नै दिग्भ्रमित हुँदै गएको छ । जग्गाको अनावश्यक खरिद बिक्री र मूल्यवृद्धिले समाजमा रहेको सम्पत्ति पुँजीकृत भई अन्यत्र पलायन हुनुको साथै बौद्धिक एवं श्रममूलक कार्यहरू समेत नराम्रोसँग प्रभावित हुन पुगेका छन् । भूमिको यही अवाञ्छित पद्दतिबाट पुँजी सङ्कलन गर्ने प्रवृत्तिले बैंक तथा वित्तीय क्षेत्रका व्यवसायमा समेत उद्यमशीलताको महत्व छायाँमा पर्दै गएको स्पष्टै छ ।

मानव समाजको विकासक्रममा मार्क्सवादी अवधारणा आएपछि समाजवादी मुलुकहरू र अन्य कतिपय मुलुकहरूमा प्रकृतिप्रदत्त वस्तुको रूपमा भूमिको स्वामित्व सरकारीस्तरमा वा समुदायको मातहतमा रहनुपर्छ भन्ने विषयले महत्व पाउँदै आएको छ । यसै सन्दर्भमा, नेपालमा समाजवादको पूर्वाधार तयार गर्ने क्रममा भूमिमा सामूहिक स्वामित्व स्थापना गर्नुपर्ने आवश्यकता टड्कारो बन्दै गएको छ । त्यसको लागि कानुनी, सामाजिक, वित्तीय नीतिहरू, विश्व परिवेशका अनुभव र सफल हाइब्रिड मोडलहरू उदाहरण हुन सक्छन् । यसक्रममा, विभिन्न प्रकृतिका भूमिमा रहेको जग्गाधनीहरूको अधिकार, गाउँ शहर र अन्यत्रका जग्गाको उपयोग र वर्गीकरण, प्रविधिको प्रयोग, घर बसोवास र कृषि कार्यको व्यवस्थापन, उद्योग तथा सेवामा भूमिको स्रोत परिचालन, वित्तीय कोषहरूको व्यवस्थापन, सामुदायिक जनचेतना आदि विचारणीय पक्ष हुन सक्छन् । भूमिसम्बन्धी निर्णय लिँदा आगामी मार्गदिशा तथा कार्यविधिको स्पष्टताका साथै सामाजिक सञ्जालको उपयोग, सरोकार पक्षको सहभागिता तथा सहमतिको अभ्यास, नमुना प्रयोग र त्यसको अनुपोषण, विवाद समाधान, वित्तीय संस्थागत परामर्श पनि त्यत्तिकै आवश्यक छ ।

भूमिमा सामन्तवादी युगदेखि कायम रहँदै आएको स्वामित्व परिवर्तन युगान्तकारी आमसरोकारको विषय हुँदा परिवर्तनका नेतृत्वदायी शक्तिहरूमा समाजवादी सोचको साथै आर्थिक स्वच्छता, उच्च नैतिकता र स्रोत साधनको उच्चतम उपयोग गर्नसक्ने क्षमता रहिरहनु पर्छ । साथै, नीतिगत व्यवस्थापनको लागि दीर्घकालीन रणनीतिअन्तर्गत समुदायस्तरबाट चरणबद्ध रूपमा जाने सोच बनेमा कार्यान्वयन गर्न सहज हुने देखिन्छ । भूस्वामित्व रूपान्तरणको आवश्यकता र उपादेयताबारे आम जनमानसमा स्पष्ट हुनुपर्छ । यसैगरी सहरी, ग्रामीण तथा अन्य इलाकाहरूमा भूमिको उपयोग कुन, कुन प्रयोजनका लागि के कसरी गर्ने भन्ने नीति, नियम र आउनसक्ने विवाद चुनौती समाधानको गहिरो विश्लेषण पूर्व अवस्थामा नै गर्नु जरूरी छ । सूचना प्रविधि एवं कृत्रिम बौद्धिकता (एआई) को सकारात्मक प्रयोगले छिटो परिवर्तन ल्याउन सक्ने हुँदा सो प्रविधिलाई भूव्यवस्थापनको पक्षमा उपयोग गर्ने ठोस योजना बनाउनु आवश्यक छ ।

नेपालमा ऐतिहासिक परिवर्तनपछि समाजवादी राज्यव्यवस्थाको आधारशिला निर्माणतर्फ उन्मुख रहेको यस घडीमा अर्थव्यवस्थामा प्रमुख अवरोधकका रूपमा रहँदै आएको सामन्ती भूस्वामित्व पद्दतिमा आमूल परिवर्तन नगरेसम्म मुलुकमा सुशासन, सामाजिक न्याय र समृद्धि हासिल हुनसक्ने देखिन्न । भूमिको स्वामित्व व्यवस्थापन हुँदा खण्डीकृत जग्गाको एकीकरण भई उत्पादकत्व वृद्धि, भूमिहीनताको अन्त्य, जग्गाको सहज उपलब्धता, भूमाफिया विचौलिया र दलाली नियन्त्रण गर्न योगदान पुग्ने देखिन्छ । यसबाट नै सहरीकरण एवं आवास बसोबास व्यवस्थित गरी पुँजीको उत्पादनशील क्षेत्रमा परिचालन गर्न सकिने हुन्छ । तबमात्र समुदायमा स्रोतको न्यायपूर्ण वितरण भई असमानतामा कमी आउने र समुदायले आर्थिक सामाजिक लाभको प्रत्यक्ष अनुभूत गरी लोककल्याणकारी राज्यको परिकल्पना सार्थक हुनेहुँदा भूमिमा सामूहिक स्वामित्व कायम गर्न वाञ्छनीय देखिएको हो । (लेखक नेपाल सरकारका सेवानिवृत्त सहसचिव हुनुहुन्छ)रासस

# भिजिट भिसाको डरलाग्दो यथार्थ, यूएईमा कसरी ठगिन्छन् नेपाली ?

**भुवन कुमार वाग्ले**

संयुक्त अरब इमिरेट्स (यूएई) मा मुख्यतयाः नेपालीहरू दुई वटा बाटोबाट आउँछन् । एउटा म्यानपावर र अर्कोचाहिँ भिजिट भिसा । म्यानपावरमा यहाँबाट डिमान्ड जाने अनि डिमाण्डअनुसार म्यानपावरले पनि श्रमिक छानेर पठाउँछन् । जुन वैध बाटो हो । यस्तै कोही भिजिट भिसामा आयो र सोही क्रममा कामको अवसर पायो भने भिजिट भिसाको दुई महिना अवधिभित्र उक्त भिसालाई श्रमिक भिसामा परिवर्तन गर्न सकिने यहाँ व्यवस्था छ । युएई विश्वभरिका मान्छेहरू आउने ठाउँ भएको हुनाले उसले विश्वभरिका सबै मान्छेहरूलाई स्वागत गर्छ । यस्तै नेपालीहरू सामान्यतया इमानदार हुने, कामप्रति जिम्मेवार हुने, धेरै कुरा नगर्ने, हल्लाखल्ला नगर्ने, षड्यन्त्र र गलत गतिविधिमा कम संलग्न हुने भएको हुनाले यहाँका रोजगारदाताहरूले धेरै माया गर्छन्।

यति भन्दैगर्दा यूएईमा अवसर सँगसँगै नेपाली श्रमिकका समस्याहरू पनि अनेक छन् । तर, समस्या युएईको नभई मुहान अर्थात् नेपालबाटै सुरु हुन्छ । विशेषतः युएई तथा खाडी मुलुकहरूमा जाने श्रमिकहरू प्रायः युरोप वा अमेरिका जान नसक्ने, धेरै पढाइ-लेखाइ नभएका र सामान्य सीप भएका व्यक्तिहरू हुने गर्छन् । यिनीहरू प्रायः म्यानपावर कम्पनीमार्फत रोजगारीका लागि खाडी मुलुक पुग्ने हुन् ।

तर वैदेशिक रोजगारको यात्रा सुरु हुनुअघि नै उनीहरू ठगिने क्रम गाउँबाटै आरम्भ हुन्छ । गाउँका स्थानीय दलाल, आफन्त, छिमेकी वा चिनजानका व्यक्तिहरूमार्फत 'फलानो पनि विदेश गयो, तँ किन यहाँ बसिरहेको छस्' भन्ने मानसिक दबाब दिइन्छ । यस्ता कुराले प्रभावित भएर उनीहरू विदेश जान तयार हुन्छन् । 'दुबई लैजाने' भन्ने प्रलोभन देखाएर दलालहरूले प्रारम्भमै १०-१५ हजार रुपैयाँ असुल्ने गर्छन् । त्यसपछि उनीहरू काठमाडौँमा रहेका म्यानपावर कम्पनीसम्म पुग्छन् । नेपाल सरकारको नियमअनुसार कुनै पनि श्रमिकसँग अधिकतम १० हजार रुपैयाँ मात्र लिन पाइन्छ । तर व्यवहारमा म्यानपावर कम्पनीहरूले खुलमखुला १ लाख ५० हजारदेखि १ लाख ८० हजार रुपैयाँ वा त्यो भन्दा बढीसम्म असुल्ने गरेका छन् । त्यसको बदलामा भने श्रमिकलाई १० हजार रुपैयाँको मात्रै रसिद (स्लिप) दिइन्छ।

यस्तै श्रमिक छनोट भएपछि पनि उनीहरूलाई विभिन्न कागजपत्रमा हस्ताक्षर गराइन्छ । युएईस्थित नेपाली दूतावासको हालैको नियम अनुसार, श्रमिकको न्यूनतम तलब १ हजार दिराम (यूएईको मुद्रा) र ४०० दिराम खाना खर्च गरी १ हजार ४०० दिराम हुनुपर्ने व्यवस्था छ । तर व्यवहारमा यो केवल कागजमै सीमित हुन्छ । श्रमिकले साइन गर्ने दुईवटा फरक कागज तयार गरिन्छ–एउटा १ हजार ४०० दिरामको अफर लेटर, जुन विमानस्थलमा मात्रै देखाउने कागजात हो र अर्को कम तलब भएको वास्तविक एमओएल लेटर, जुन युएईमा काम गर्न थाल्दा लागु हुन्छ । सोहीअनुसार श्रमिक युएई पुगेपछि उसलाई नेपालमा आश्वासन दिएको भन्दा कम तलबमा काम गर्न बाध्य बनाइन्छ।

यस्ता श्रमिकहरूलाई परीक्षणकाल भन्दै ६ महिना वा अझ बढी समय सस्तोमा काम गराइन्छ । धेरै नेपाली श्रमिकहरूको डिमान्ड सप्लाई कम्पनीमार्फत आउने भएकाले उनीहरूले ६००-८०० दिरामभन्दा बढी तलब पाउँदैनन् । यस्तो स्थिति बनेपछि कतिपयले बाध्यात्मक स्थितिमा पुगेर काम गर्छन् । कतिपयचाहिँ कम्पनीबाट भाग्छन् र उनीहरू सडकमा पुगेर अलपत्र, भोकै र बेसहारा समेत बन्न पुग्छन् ।

नेपालका म्यानपावर नेपालका भइहाले र यहाँ (यूएई)मा केही बिचौलियाहरू छन् । ती बिचौलियाहरू समस्यामा परेकालाई थप समस्या दिन तल्लीन छन् । श्रमिक युएई आइपुगेपछि यदि तलब वा काम मन परेन भने उसले 'काम गर्न अस्वीकार' गर्ने अधिकार यहाँको श्रम कानुनले दिएको छ । तर कतिपय नेपालका म्यानपावर कम्पनीहरूले कानुनविपरीत त्यस्ता श्रमिकहरूलाई समर्थन गर्नुको साटो धम्की दिन्छन् । भिसाको पैसा तिर अनि मात्र फर्क वा काम गर, अब फर्केर के हुन्छ ? भन्ने व्यवहार गर्छन् । उता, कतिपय कम्पनीले म्यानपावरसँग सम्झौता नै गरेका हुन्छन्, यदि श्रमिक छ महिनाभित्र भागेमा रिक्रुटमेन्ट खर्च म्यानपावरले बेहोर्नुपर्छ । यही कारणले म्यानपावर श्रमिकलाई जबरजस्ती काममा लगाउन दबाब दिन्छन् ।

साथसाथै नेपालमा गरेको हस्ताक्षरअनुसार श्रमिक यसअघि नै डुबिसकेको हुन्छ । उसले सबै कागजहरूमा सहीछाप र ल्याप्चे गरिसकेको हुन्छ । अङ्ग्रेजीमा पेपरहरू हुन्छन् र ती पेपर 'लो लेभल'को श्रमिकले पढ्न सक्दैन । यो सही नगरी विदेश जान पाइँदैन भनिसकेपछि उ, हस्ताक्षर गर्न बाध्य हुन्छ । उसलाई गाउँको दलालले र म्यानपावरको मान्छेले उच्च सपना देखाएको हुन्छ, 'त्यहाँबाट युरोप जान सजिलो हुन्छ'सहितका यावत् सपना देखाएको हुन्छ । अब नेपालमा बेरोजगार भएर पिल्सिएर बसेको मान्छेलाई त्यो सपना देखाएपछि उसले कागज राम्रो पढेको हुँदैन । तर पेपरमा हस्ताक्षर गरिसकेकाले कानुनी हिसाबमा पनि ऊ तल हुन्छ । यो वैदेशिक रोजगारीमा श्रम गरेर आउँदा हुने समस्याको कुरा भयो ।

### भिजिट भिसाको भयावह स्थिति

आजभोलि नेपालीहरू सबैभन्दा धेरै ठगिने क्षेत्र भिजिट भिसा हो। घुम्न नै आउँदा त समस्या हुने कुरा भएन । तर, कामका लागि भिजिट भिसाको सहारामा आउँदा हुने समस्याको सवाल हो यो । भिजिट भिसामा वैधानिक रूपमा ल्याउने जिम्मा ट्राभल एजेन्सी वा कन्सल्टेन्सीहरूले लिन्छन् । जसलाई यूएई सरकारले नै अनुमति पत्र दिएको हुन्छ । तर समस्या ती दलालहरूबाट सुरु हुन्छ, जसको न अफिस हुन्छ, न कुनै दर्ता । यस्ता दलालहरू आफन्त र चिनजानका भरमा मान्छेलाई भिजिट भिसामा दुबई बोलाउँछन् ।

उनीहरूसँग नेपालमै ३-४ लाख रुपैयाँ असुलिन्छ र खाना, बस्न, जागिर सबै व्यवस्था गरिदिन्छु भनेर प्रलोभन देखाइन्छ । जबकि कानुनी रूपमा चाहिँ एक व्यक्तिले टिकटसहित १/२ लाख रुपैयाँमै दुबई आउन सक्छ । जबकि ३/४ लाख बुझाइसकेका नेपालीसँग यूएई आउनासाथ ठग्ने नियत भएकाहरूले थप पैसा माग्छन् । पासपोर्ट खोस्छन् र सस्तो बेड स्पेसमा राख्छन् ।

यस्तै २ महिने भिजिट भिसाको अवधि सकिन लागेपछि, 'अब तिमीलाई फ्रिलान्सर भिसा चाहिन्छ, नत्र गैरकानुनी हुन्छौ' भनेर डर देखाइन्छ । यसो भन्दै १०-२५ हजार दिरामसम्म असुलिन्छ । फ्रिलान्सर भिसा भनेको विशेष सीप भएका व्यक्तिहरूका लागि हो, तर दलालहरूले यो नाममा 'इम्प्लोइ भिसा' दिन्छन्, जुन सामान्य कम्पनीले निकालिदिएको हुन्छ ।

यस्तै त्यस्तो भिसा पाएपछि फेरि अब जागिर आफैँ खोज' भनेर बजारमा छोडिन्छ। कतिपय जागिर पाउँछन्, तर अधिकांशलाई भाषा, सीप र अनुभव नहुँदा सकस हुन्छ । यस्तै जुन कम्पनीले भिसा दिएको हो, अनेक बहानामा पीडितको समस्याको फाइदा उठाएर यूएईको बैंकबाट ऋण निकाली ठगी गर्नेहरु पनि छन् । तीन-छ महिनासम्म ५००० दिराम तलब देखाएर बैंकबाट ऋण निकालिन्छ, पीडितको नाममा । त्यो पैसा दलालले लिएर सम्पर्कविहीन भएका घटना पनि छन् । अब बैंकले पीडितमाथि फाइनान्सियल क्राइमको आरोप लगाउँछ, ट्राभल ब्यान गर्छ, कहिलेकाहीँ जेल पनि पर्छ ।

यतिले मात्रै नपुगेर पीडितको एमिरेट्स आइडी प्रयोग गरेर दलालहरूले सिम कार्ड निकाल्छन्, किस्तामा फोन लिन्छन् बिल भने पीडितको नाममा आउँछ । यो सबैमा दुःखको कुरा के छ भने ९९ प्रतिशत केसमा नेपाली दलाल नै संलग्न छन् । अरू देशका नागरिकहरूले पनि नेपालीलाई ठग्छन्, तर त्यसमा पनि नेपाली दलालको हात हुन्छ ।

मैले स्वयं एनआरएनए यूएईको महासचिवको हैसियतले, यूएईको सेमी-सरकारी कम्पनीमा एचआरको रूपमा काम गर्दा कैयन् पीडितलाई उद्धार गरेको छु । हाम्रा संस्था र भिम मल्ल ठकुरी नेतृत्वको राहत विभागले पनि सयौँ क्याम्प गरेको छ । कसैले अज्ञानतावश गल्ती ग-यो भने हामीले सहयोग गर्न सक्छौँ । तर कसैले आफूले नै युएईको कानुनविपरीत काम गरेर समस्या बेहोरेको हो भने हामी त्यस्ता व्यक्तिलाई सहयोग गर्दैनौँ ।

त्यस्तै ६ महिनासम्म काम नगरी, कम्पनीमा अल्छी गरेर, कुलतमा लागेर काममा नगएर भाग्ने व्यक्तिलाई पनि हामी सहयोग गर्दैनौँ । किनभने त्यो उसैको गल्ती हो । लागूपदार्थ ओसारपसार र सेवनमा पनि युएईमा कडा कानुन छ । क्लब वा होटलहरूबाहेक अन्यत्र रक्सी बेच्न र सेवन गर्न अवैध हो। त्यसैले त्यस्ता कार्यमा संलग्न व्यक्तिहरूलाई पनि हामीले सहयोग गर्दैनौँ। प्रहरीले पक्राउ गरेपछि उनीहरूलाई डिपोर्ट गरिन्छ।

### ठगीका अनेक रूप

यसअघि पनि मैले भनेँ, धरै नेपालीहरू नेपालीबाटै ठगिन्छन् । पहिलो, नेपालमै ठगी गर्ने बानी भएका व्यक्तिहरू यहाँ आएर पनि ठगीमै लाग्छन् । दोस्रो, आफैँ पहिले पीडित भएकाहरू पछि त्यसैबाट पैसा कमाउने उपाय देखेर ठग बन्छन् । तेस्रो, सहयोगको नाममा ठगी गर्नेहरू पनि छन् । बेरोजगार, कामविहीन युवालाई ल्याइदिनु सहयोग हो भन्छन् तर वास्तवमा त्यो पनि ठगीकै स्वरूप हो। यस्ता मान्छेहरू कतिपय यूएईकै सामाजिक संस्थाहरूभित्रै पनि छन् । हामीले हेल्पलाइन नम्बर सार्वजनिक गरेपछि धेरैजसो ठुला संस्थाका, व्यवसायी भनिने र सामाजिक नेताहरू भनिने व्यक्तिहरूले पनि सहयोगको नाममा ठगी गरेका उदाहरणहरू प्राप्त भएका हुन् ।

अब अर्को नयाँ किसिमको ठगीको कुरा गरौँ– नेपालीहरूले यहाँ फ्ल्याट लिन्छन् र ती फ्ल्याटमा भिजिट भिसामा आएका या पीडितलाई राख्छन् । यिनीहरूको ट्राभल एजेन्सी र कन्सल्टेन्सीहरूसँग मिलेमतो हुन्छ । भिजिटमा मानिस ल्याउने कार्य यिनकै माध्यमबाट हुन्छ । फ्ल्याट चलाउनेलाई बेड स्पेस दिन मानिस चाहिन्छ, त्यसैले मानिस ल्याउने कामसँग उनीहरूको सीधा सम्बन्ध हुन्छ।

अहिले यहाँ अवैध तरिकाले फ्ल्याटमा पार्टिसन बनाउने, महिला-पुरुषलाई एकै ठाउँ राख्ने, त्यहीँभित्र रक्सी बेच्ने, जुवा खेलाउने, हप्ता उठाउने काम भइरहेका पनि छन् । केहीले त टिकटकमै 'घण्टैपिच्छे रमाइलो गर्न पाउने कोठा' भनेर खुलेआम प्रचार गरेका छन् ।

यस्तो कोठा सञ्चालन गर्न फ्ल्याट लिन महँगो पर्छ, त्यसैले उनीहरू सस्तोमा बेड स्पेस बेच्ने गर्छन् । एउटा कोठामा आठ जनासम्म मानिस राखिन्छ। तर युएईको कानुनअनुसार यस्तो बेड स्पेस गैरकानुनी हो। सरकार अहिले धमाधम यस्ता पार्टिसन हटाउने काम गरिरहेको छ।


करामा, मनखुल, आजमान, देरा, सारजाका व्यवसायिक क्षेत्रहरूमा सयौँ कोठे कन्सल्टेन्सी खुलेका छन् । १५-२० हजार दिराममा अफिस खोलेर अवैध रूपमा कागजपत्र बनाउने, डिमान्ड देखाउने कार्य भइरहेका छन् । प्रायः यस्ता कन्सल्टेन्सीहरूले टिकटक वा फेसबुकमा राम्रा युवतीहरू राख्छन्, जसलाई १५००-२००० दिराम तिरेर २४ घण्टा लाइभ बसाइन्छ । तिनले 'हामीसँग युरोपको डिमान्ड छ, प्लम्बरको, होटलको काम छ' भनेर झुटो आश्वासन दिन्छन् ।

अनि सुरुमा १५०० देखि ५००० दिराम प्रोसेसिङको नाममा उठाउँछन् । वास्तवमै केही रजिस्टर्ड र ट्रस्टेड कन्सल्टेन्सी पनि छन्, जसले हजारौँ नेपालीलाई युरोप पठाएका पनि छन् । तर धेरैले झुटा अफर देखाएर करोडौँ रुपैयाँ उठाएर आफैँ युरोपतिर भाग्ने गरेका पनि छन् । डंकी रुटबाट अमेरिका जान चाहनेको पनि ट्रान्जिट युएई नै हो। आजमान, सारजाजस्ता स्थानमा नेपाली दलालले फ्ल्याट लिई नेपालबाट मान्छे ल्याएर राख्ने र विभिन्न देश हुँदै अमेरिका पठाउने चक्र चलेको थियो, अहिले त्यो केही हदसम्म घटेको छ।

यस्ता कार्य रोक्न दूतावासको भूमिका देखिनुपर्ने हो । यद्यपि, दूतावासले अपेक्षाकृत रूपमा कडा कदम नचालेको आम गुनासो छ । उसो त नेपाल सरकारका कतिपय संरचनाहरू श्रम मन्त्रालय, वैदेशिक रोजगार विभाग, अध्यागमन कार्यालयहरू ठगी र कमिसनको थलो बनेका छन् भिजिट भिसामा पनि सेटिङ गरेर महिला पठाउने र ती महिला हेर्दै घुम्न जाने होइनन् भन्ने थाहा हुँदा हुँदै पठाउने काम भइरहेको छ।

नेपालमा श्रम सम्बन्धी कानुनहरू छन्, तर कार्यान्वयन गर्ने तहमा भ्रष्टाचार र राजनीतिक सेटिङ भएको कारण कार्यान्वयन हुन सकेको छैन । श्रम मन्त्रीहरू म्यानपावर व्यवसायमा संलग्न भएकाले यो समस्या झनै जटिल बनेको छ। त्यस्तै, हालै संसदको श्रम समितिको पहलमा ५,००० नेपाली महिलालाई युएईमा हाउसमेडको रूपमा पठाउने प्रस्ताव आएको चर्चा छ। यो निकै जोखिमपूर्ण निर्णय हो, जसको म घोर विरोध गर्छु। म श्रम मन्त्रीज्यूलाई आग्रह गर्छु – यस्तो नीति कार्यान्वयन नगर्नुहोस् । हाम्रो चेलीबेटीको सुरक्षाविरुद्ध हुने यस्तो निर्णयको विरोध सबैले गर्नुपर्छ । मैले व्यक्तिगतरूपमा र एनआरएनएको तर्फबाट पनि ठगीविरुद्ध अभियान चलाइरहेको छौँ । नेपाली ठग्ने र गलत कन्सल्टेन्सीहरूबारे सचेतनामूलक सामग्री पनि सार्वजनिक गरिरहेका छौँ।रातोपाटी

# संविधान संशोधनका लागि सहमति आवश्यक छः नेता सिटौला



काठमाण्डु । नेपाली काङ्ग्रेसका नेता एवं राष्ट्रियसभामा काङ्ग्रेस संसदीय दलका नेता कृष्णप्रसाद सिटौलाले संविधान कार्यान्वयनमा देखिएका कमी कमजोरीको समीक्षा गरी संविधान संशोधन गर्नुपर्ने बताउनुभएको छ।

सञ्चारकर्मीसँगको अन्तरक्रियामा नेता सिटौलाले संविधानको दीगोपनाका लागि समय सापेक्ष संशोधन हुनुपर्ने उल्लेख गर्दै दुवै सदनमा सरकारको दुई तिहाइ बहुमत नभएकाले सहमति जुटाएर संशोधन गर्न सकिने धारणा व्यक्त गर्नुभयो। संविधान संशोधनका लागि सरकारले संयोजन गर्नुपर्ने र सबैभन्दा ठूलो दलका हैसियतमा काङ्ग्रेसले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने उहाँले सुझाउनुभयो।

फरक प्रसङ्गमा नेता सिटौलाले काङ्ग्रेसले १५औँ महाधिवेशन २०८३ को मङ्सिरसम्म हुने बताउनुभयो। उहाँले भन्नुभयो, "पार्टीको चारवर्षे कार्यकाल आगामी मङ्सिरमा सकिने भए पनि एक वर्ष थप्न सकिने विधानको प्रावधान छ। काङ्ग्रेसको महाधिवेशन प्रायः चार वर्षमा कहिल्यै भएको छैन।"

पार्टीको क्रियाशील सदस्यताको टुङ्गो नलागेको अवस्थामा यस वर्ष महाधिवेशन हुन सम्भव नरहेको उहाँको भनाइ थियो। वर्तमान सरकारले एक वर्षको अवधिमा जनअपेक्षाअनुसार काम गर्न नसकेको टिप्पणी गर्दै नेता सिटौलाले सत्तागठबन्धन र सरकार भने निरन्तर जाने तथा पूरै कार्यकाल रहने स्पष्ट पार्नुभयो।रासस

# अर्थ मन्त्रालयको अनुमति लिएरै युएसएडसँग सहकार्य गरेका हौँः वित्त आयोग

काठमाण्डु । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले अर्थ मन्त्रालयको सहमति लिएरै अमेरिकी अन्तरराष्ट्रिय विकास नियोग (युएसएड) सँग वित्तीय सङ्घीयता कार्यान्वयन र सार्वजनिक वित्त व्यवस्थापन सहायतासम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिएको प्रष्टीकरण दिएको छ।

सरकारको अनुमति बिनै युएसएडसँग सहकार्य गरेर कार्यक्रम सञ्चालन गरेको भन्दै आयोगका पदाधिकारीविरुद्ध प्रतिनिधिसभाअन्तर्गतको अर्थ समितिमा उजुरी परेको थियो । समितिले उक्त उजुरीमाथि आज आयोगसँग जवाफ लिएको हो।

समितिको आइतबारको बैठकमा वित्त आयोगका कार्यबाहक अध्यक्ष जुध्दबहादुर गुरुङले युएसएडसँगको सहकार्य अर्थ मन्त्रालयको समन्वय र सहकार्यमा भएको बताउनुभयो । "अर्थ मन्त्रालय र युएसएडबीच २०७९ माघ २३ गते परियोजना कार्यान्वयनका लागि सम्झौता भएको र मन्त्रालयले आयोगलाई प्रतिनिधि तोक्नका लागि २०७९ फागुन ४ गते पत्र पठाएको थियो । आयोगको २०८० भदौ ६ गतेको बैठकबाट विभिन्न १८ वटा क्रियाकलापसहित सार्वजनिक वित्त व्यवस्थापन सहायता सम्बन्धी निर्णय भई सहयोगका लागि २०७० भदौ ७ गते अर्थ मन्त्रालयलाई पत्राचार भएको थियो", कार्यबाहक अध्यक्ष गुरुङले आजको बैठकमा भन्नुभयो।

यसरी आयोगबाट मन्त्रालयलाई विभिन्न १८ वटा कार्यक्रम प्रस्ताव भएकोमा २०८० असोज १४ गते को निर्णयबाट छ वटा क्रियाकलाप छनौट गरी कार्यान्वयनका लागि समेत मन्त्रालयलाई पत्राचार भएको भएको उहाँको भनाइ छ।



नेपालमा वित्तीय सङ्घीयता कार्यान्वयन र सार्वजनिक वित्त व्यवस्थापनसम्बन्धी कार्यक्रम सञ्चालनका लागि वित्त आयोगले सोझै युएसएडसँग रकम लिएको भन्दै अर्थ समितिमा उजुरी छ। त्यस्तै, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले समेत 'नेपालमा वित्तीय सङ्घीयता कार्यान्वयनका लागि दिइएको अमेरिकी डलर दुई करोड र जैविक विविधता संरक्षणका लागि दिइएको अमेरिकी डलर एक करोड ९० लाख धोकाधडी हो' भन्ने सार्वजनिक अभिव्यक्ति लिनुभएको थियो। यस विषयमा वित्त आयोगले अर्थ मन्त्रालय र युएसएडबीच औपचारिक सम्झौता भएरै यी कार्यक्रमहरु सञ्चालन भएको जनाएको हो।

आयोगलाई बदनाम गराउने र दुःख लिने नियतले आयोगकै पूर्वसदस्य अमरराज मिश्रले विभिन्न निकायमा उजुरी गर्दै हिँडेको आरोप पनि कार्यबाहक अध्यक्ष गुरुङको छ। "अर्थ समितिसहित विभिन्न निकायमा परेका उजुरीमा अरु कसैको नाम भएपनि आयोगकै पूर्वसदस्यले हामीलाई दुःख दिने नियतले यस्तो काम गरिरहनुभएको छ । उहाँ आयोगमा कार्यरत हुँदा पनि कहिल्यै सजिलोसँग काम गर्न दिनुभएन", कार्यबाहक अध्यक्ष गुरुङको भनाइ छ।

आयोगका पूर्वसदस्य मिश्रको राजीनामा यहि साउन १ गतेबाट लागू हुनेगरी राष्ट्रपतिबाट स्वीकृत भइसकेको छ । आयोगमा विकृति बढ्दै गएको र आफूले सुधारका प्रयास गरेपनि सफल नभएपछि राजीनामा दिएको मिश्रले बताउँदै आउनुभएको छ।

त्यस्तै, आयोगका सदस्य विपिनराज निरौला नेपाल सरकारको स्वीकृतिबिनै विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुको खर्चमा पटक-पटक विदेश भ्रमणमा जाने गरेको भन्दै अर्थ समितिमा उजुरी परेको थियो । सदस्य निरौलाले भने आफू हालसम्म कुनैपनि सरकारी तथा गैरसरकारी संस्थाको खर्चमा विदेश नगएको तर आफ्नो व्यक्तिगत काम र खर्चमा संयुक्त राष्ट्रसङ्घका केही कार्यक्रममा भाग लिएको बताउनुभयो।

"मैले हालसम्म कुनै पनि सङ्घ संस्थाको रकममा विदेश भ्रमण गरेको वा कुनै कार्यक्रममा भाग लिएको छैन, आफ्नै व्यक्तिगत खर्च र पहलमा संयुक्त राष्ट्रसङ्घका केही कार्यक्रममा भाग लिएको हुँ। त्यो मेरो नितान्त व्यक्तिगत वृत्तिविकासका लागि गरेको हुँ", सदस्य निरौलाले अर्थ समितिको आजको बैठकमा भन्नुभयो।

वित्त आयोगले सरकारलाई दिएका सुझाव तथा सिफारिस कार्यान्वयन कमजोर रहेको बारे पनि अर्थ समितिलाई जानकारी गराएको छ। क्यासिनो, चिट्ठाजस्ता क्षेत्र सङ्घ र प्रदेश सरकारको साझा अधिकार सूचीमा रहेकाले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०८४ मा सो को रोयल्टी बाँडफाँटसम्बन्धी प्रावधान थप गरिनुपर्ने भनेर आयोगले सुझाव दिएको भएपनि त्यसको हालसम्म कार्यान्वयन हुन नसकेको कार्यबाहक अध्यक्ष गुरुङले बताउनुभयो।

त्यस्तै, सङ्घ सरकारले समानीकरण अनुदान कटौती गर्नु पनि संविधान र वित्त आयोगको सुझाव विपरीत रहेको उहाँको भनाइ छ। "राजस्व सङ्कलनको लक्ष्य पूरा नभएको कारण मन्त्रिपरिषद्को निर्णयबाट आर्थिक वर्षको अन्त्यमा समानीकरण अनुदान कटौती गर्ने गरिएको छ। वित्तीय समानीकरण अनुदानवापतको रकम आर्थिक वर्षको बीचमा कुनै पनि अवस्थामा कट्टा नगर्ने सुनिश्चितता गरिनुपर्छ", उहाँले भन्नुभयो।

खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्न तहगत सरकारको कार्य जिम्मेवारी थप स्पष्ट पारिनुपर्ने, साथै ती विषयभित्रका सेवाको मापदण्ड, लक्ष्य र लागतलगायतका विषयहरु मूलतः सङ्घीय सरकारबाट निर्धारण गर्न हरेक वर्ष सिफारिस गर्ने भएपनि सरकारले त्यसलाई कार्यान्वयन नगरेको कार्यबाहक अध्यक्ष गुरुङले बताउनुभयो।

त्यसैगरी, नेपालको संविधान २०७२ को धारा ५९ (४) र धारा २५१ (१) को प्राकृतिक स्रोतसम्बन्धी व्यवस्था कार्यान्वयनका लागि एकीकृत कानून तर्जुमा गरिनुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो।

आयोगले कानून निर्माणका लागि सहमति माग गरेपनि हालसम्म पनि त्यसको सहमति प्राप्त हुन नसकेको कार्यवाहक अध्यक्ष गुरुङको भनाइ छ। वन पैदावार बिक्रीबाट प्राप्त हुने राजस्व रकम वन विकास कोषमा जम्मा गर्ने व्यवस्था रहेकोमा यस्तो व्यवस्था अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को प्रतिकुल रहेको पनि आयोगको धारणा छ।रासस

# नागरिक सहभागिता सुनिश्चित गरी कानुन बनाइरहेका छौँः मन्त्री चौरसिया

काठमाण्डु । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले नागरिकको सहभागिता सुनिश्चित हुनेगरी कानुन निर्माण भइरहेको बताउनुभएको छ।

राष्ट्रियसभामा आइतबार मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नोत्तरमा उहाँले कानुन निर्माण प्रक्रियालाई व्यवस्थित बनाउन तथा यसमा नागरिकको सहभागिता अभिवृद्धि गर्ने काम गरिरहेको बताउनुभयो।

मन्त्री चौरसियाले कानुन निर्माण प्रक्रिया पारदर्शी तथा सहभागितामूलक बनाउने प्रयोजनका साथ तर्जुमा गरिएको विधायन ऐन, २०८१ जारी भई कार्यान्वयनमा आइसकेको जानकारी गराउनुभयो।

सांसदहरू भुवनबहादुर सुनारले सोध्नुभएको प्रश्नमा उहाँले नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक कार्यान्वयन गर्न नेपाल सरकार प्रतिबद्ध रहेको अदालत ऐन, २०४८, राजस्व न्यायाधिकरण ऐन, २०३१, बैंकिङ कसुर तथा सजाय ऐन, २०६४, न्याय प्रशासन ऐन, २०७३ लगायत केही ऐनमा संशोधन गरी सुधार गर्नेतर्फ आवश्यक प्रक्रिया अगाडि बढाइएको जानकारी दिनुभयो । "हाल सर्वोच्च अदालतमा मुद्दाको स८्या अत्यधिक भएका कारण न्याय सम्पादनमा लाग्ने गरेको समयलाई कम गर्ने उद्देश्यका साथ न्याय प्रशासनसँग सम्बन्धित कतिपय ऐनमा सुधार गर्ने गरी कार्य भइरहेको छ", उहाँले भन्नुभयो।

नेपाल सरकार नागरिकको मौलिक हकको उच्च सम्मान गरी कार्यान्वयन गर्न उच्च प्राथमिकताका साथ कार्यरत रहेको र न्यायमा जनताको पहुँच बढाउन मन्त्रालयले विभिन्न क्षेत्रमा कानुनी साक्षरता तथा सचेतनाको कार्यक्रमअगाडि बढाएको मन्त्री चौरसियाको भनाइ थियो । "नेपालको संविधानले



र यसका लागि आवश्यक कानुन निर्माण गर्न मन्त्रालय क्रियाशील रहेको बताउनुभयो । मन्त्री चौरसियाले भन्नुभयो, "कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले कानुन पालना नगर्ने होइन, आफ्नो अधिकार क्षेत्रको विषयमा कानुनको मस्यौदा गर्ने र अन्य मन्त्रालयको अधिकार क्षेत्रका विषयमा सहजीकरण तथा सहमति प्रदान गर्दै आएको व्यहोरा सदस्यलाई अनुरोध गर्दछु।"

नेपालको संविधानमा उल्लेख भएबमोजिम न्याय प्रशासनलाई छिटोछरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने उद्देश्यका साथ विभिन्न अध्ययन प्रतिवेदनहरूले सुधारका लागि पेस गरेका सिफारिस कार्यान्वन भइरहेको उहाँको भनाइ थियो।

मन्त्री चौरसियाले न्याय प्रशासनसँग सम्बन्धित सर्वोच्च प्रत्याभूत गरेको नागरिकको निःशुल्क कानुनी सहायतासम्बन्धी हकलाई पूर्ण रूपमा कार्यान्वयन गरी आमनागरिकको न्यायमा पहुँच अभिवृद्धि गर्न यससम्बन्धी विधेयकको मस्यौदा तयार भएको छ। मस्यौदामा सरकारले विषयगत समिति तथा देशव्यापी रूपमा छलफल सम्पन्न गरिसकेको छ। उक्त विधेयक छिट्टै सङ्घीय संसद्मा पेस गरिनेछ", उहाँले भन्नुभयो।

मन्त्री चौरसियाले न्याय प्रशासनलाई व्यवस्थित बनाउन तथा न्यायपालिकाको काम कारबाहीलाई प्रभावकारी बनाउन सर्वोच्च अदालतले 'न्यायपालिकाको पाँचौँ पञ्चवर्षीय रणनीतिक योजना बनाइ फरक मुद्दा व्यवस्थापन पद्धति, कार्यबोझ बढी भएका अदालतहरूको विशेष व्यवस्थापनलगायत गरिरहेको जानकारी दिनुभयो। रासस

# जनचाहनाअनुसार विद्युत् विकासको लक्ष्य प्राप्तिमा लागौँः मन्त्री खड्का



काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले जनचाहनाअनुसार विद्युत् विकासको लक्ष्य प्राप्तिमा लाग्नुपर्ने बताउनुभएको छ।

सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासङ्घ नेपालको २१औँ वार्षिकोत्सवका अवसरमा आइतबार यहाँ आयोजित कार्यक्रममा उहाँले सबै मिलेर उपलब्ध स्रोतको उपयोग गर्न लाग्नुपर्ने बताउनुभएको हो।

मन्त्री खड्काले विविध चुनौती भए पनि सबै मिलेर विद्युत् क्षेत्रको विकासमार्फत मुलुकको विकासमा जुट्नुपर्नेमा जोड दिनुभयो । उहाँले छिमेकी मुलुक भारत र चीनमा तीव्र विकास भएको भन्दै हामीले विकासलाई पछ्याउँदै काम गर्नुपर्ने बताउनुभयो।

मन्त्री मन्त्री खड्काले द्वन्द्वको समयमा नेपालका दूरदराजमा विद्युतीकरण गर्न सामुदायिक विद्युत् उपभोक्ता महासङ्घले खेलेको भूमिका सराहनीय रहेको भन्दै समुदायबाट सञ्चालन गर्न नसकिएका सामुदायिक विद्युत् योजनालाई प्राधिकरणलाई जिम्मेवारी लगाउँदै जानुपर्ने धारणा राख्नुभयो।

पूर्व ऊर्जामन्त्री दीपक ज्ञवाली, विद्युत् नियमन आयोगका अध्यक्ष डा रामप्रसाद धिताल, ऊर्जा सचिव सुरेश आचार्य, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलगायतले ग्रामीण क्षेत्रमा विद्युतीकरण गर्न सामुदायिक विद्युत् उपभोक्ता महासङ्घले महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभएको थियो।रासस

# निजामती कर्मचारी ऐन संसद्को चालु अधिवेशनबाटै पारित हुन्छः मन्त्री न्यौपाने

दमौली ।सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले निजामती कर्मचारी ऐन संसद्को चालु अधिवेशनबाटै पारित हुने बताउनुभएको छ।

नेपाल निजामती कर्मचारी सङ्गठन तनहुँले आइतबार यहाँ आयोजना गरेको सहिद मनोज-झपेन्द्र-सुरेन्द्र स्मृति सप्ताहव्यापी कार्यक्रमको उद्घाटन गर्दै मन्त्री न्यौपानेले निजामती कर्मचारी ऐन आइसकेपछि कर्मचारीका धेरै समस्या सम्बोधन हुने उल्लेख गर्नुभयो । उहाँले प्रतिनिधिसभाबाट उक्त ऐन राष्ट्रियसभामा आएको र राष्ट्रियसभाले पारित गरेर पुनःप्रतिनिधिसभा पठाएपछि त्यहाँबाट ऐन जारी हुने बताउनुभयो।

मन्त्री न्यौपानेले ऐन आइसकेपछि कर्मचारीका धेरै सवाल समाधान हुने बताउनुभयो । उहाँले सङ्घीयताको मर्मअनुसार कर्मचारी व्यवस्थापन भएन भन्ने सवाल पनि ऐनले समाधान गर्ने। रासस


मधेश प्रदेश सरकार
भूमि ब्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
धनुषा जनकपुरधाम

**सुख्खा एवंम खडेरी वाट तत्काल राहतका लागि भुमिगत सिचाई व्यवस्थापन सहयोग कार्यक्रमको आवेदन पेस गर्ने सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/०४/१२ गते**

कृषि ज्ञान केन्द्र धनुषाको चालु आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सिचाई व्यवस्थापन प्रर्वद्धन सहयोग कार्यक्रम र न.पा/गा.पा/ वडामा तोकिएको सिंचाई ब्यवस्थापन सम्बन्धि कार्यक्रम संचालन गर्नुपर्ने भएको हुदा सो कार्यक्रम संचालन गर्न ईच्छुक कृषकहरुले यो सुचना प्रकाशन भएको मितिले ७ दिन (मिति २०८२।०४।१८ गते) भित्र कार्यालय समयमा तपसिलको कागजात सहित निवेदन पेस गर्नको लागी सुचना प्रकाशित गरिएको छ। यस सम्बन्धी विस्तृत जनकारीको लागि कार्यालयको वेवसाईड https://akcdhanusha.gov.np मा गई सूचना तथा सुख्खा एवंम खडेरी वाट तत्काल राहतका लागि भुमिगत सिचाई व्यवस्थापन सहयोग कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन विधी, २०८२ डाउनलोड गर्न सकिनेछ वा कार्यालयको फोन नं. ०४१-४२०१४८/४२०७३९ मा सम्पर्क गर्न सक्नुहुने छ।

**तपशिल**

**पेश गर्नु पर्ने आवश्यक कागजातहरु**

१. रु. १० को हुलाक टिकट टास भएको अनुसुचि २ र ३ वमोजिम को आवेदन फारम।
२. आवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी।
३. स्थानिय तह कृषि विकाश शाखा वा वडा कार्यालयको सिफारिस।
४. कम्तिमा दुई (२) विगहा जग्गाधनिपुर्जाको स्पष्ट प्रतिलिपी।
५. मालपोत तिरेको रसिदको प्रतिलिपी।
६. जडान गर्ने कित्ताको प्रमाणित नक्सा।
७. कल्ष्टरमा सिंचाई गर्ने उपभोक्ताको हकमा सम्बन्धित जग्गाधनी र निवेदक आफैले प्रमाणित गरेको जग्गाधनी पुर्जाको प्रतिलिपी सहित अनुसूची ३ बमोजिमको फारम।

**नोट** : अनुसूचि २ र ३ बमोजिमको फारम कार्यालयको वेवसाईट https://akcdhanusha.gov.np बाट डाउनलोड गर्न सकिने छ।



लक्ष्मीनियाँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ बजार, धनुषा
मधेश प्रदेश, नेपाल

**मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२।०४।१२**

यस गाउँपालिकाको लागि आ.व. ०८२।८३ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०८१/०८२ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८१/०८२ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८१/०८२ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम

# एआई नियमनमा तत्काल "विश्वव्यापी धारणा" आवश्यक

एएफपी

जेनेभा ।संयुक्त राष्ट्रसङ्घका उच्च प्रविधि प्रमुखले कृत्तिम बौद्धिकता (एआई) को नियमनका लागि विश्व समुदायले तत्काल विश्वव्यापी दृष्टिकोण खोज्नुपर्ने बताउनुभएको छ।

राष्ट्रसङ्घको अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्घ (आइटियू) का प्रमुख डोरिन बोगदान-मार्टिनले एएफपीसँग कुरा गर्दै एआईले वास्तवमै मानवतालाई फाइदा पुर्‍याउन सक्ने विश्वास व्यक्त गर्नुभयो।



तीव्र गतिमा अघि बढिरहेको प्रविधिले ठूलो संख्यामा रोजगारी गुम्ने डर, डिपफेक र गलत सूचनाको फैलावट र समाजमा यसको प्रयोगले पार्ने नकारात्मक प्रभाव र जोखिमका बारेमा चिन्ता बढ्दै जाँदा उहाँले नियमन मुख्य रहेकोप्रति जोड दिनुभयो । उहाँले भन्नुभयो, "सही ढाँचा प्राप्त गने मार्ग कोर्न्र एक वैश्विक दृष्टिकोणको आवश्यकता छ ।" अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले संयुक्त राज्य अमेरिका एआईमा चीनभन्दा अगाडि रहेको पुष्टि गर्न यसै साता कम नियमन गर्ने आक्रामक रणनीति सार्वजनिक गरेपछि उहाँको यो टिप्पणी आएको हो।

करिब ९० भन्दा बढी प्रस्तावहरूमध्ये ट्रम्पको योजनाले व्यापक विनियमनको माग गर्दछ, प्रशासनले 'अनावश्यक बन्देज र र कठोर नियमन हटाउने' वाचा गरेको छ जसले निजी क्षेत्रको एआई विकासमा बाधा पुर्‍याउन सक्छाएआई प्रविधिको नियमनका लागि कम आग्रह गर्ने दृष्टिकोणको बारेमा उहाँको चिन्ता छ कि छैन भनी सोधिएको प्रश्नमा बोगदान-मार्टिनले कुनै टिप्पणी गर्न अस्वीकार गर्दै भन्नुभयो, "उहाँ अझै पनि अमेरिकी योजनालाई पचाउन प्रयास गरिरहनुभएको छ।"

**'आलोचनात्मक'**

"मलाई लाग्छ, प्रस्तावमा विभिन्न दृष्टिकोणहरू छन्," उहाँले भन्नुभयो ।"हामीसँग इयू, चीनर अन्य मुलुकको दृष्टिकोण छ । अहिले हामी अमेरिकी दृष्टिकोण देखिरहेका छौं। मलाई लाग्छ, वार्ताका लागि ती दृष्टिकोणको खाँचो छ," उहाँले भन्नुभयो।

उहाँले ८५ प्रतिशत मुलुकसँग अझै पनि एआई नीति वा रणनीति नभएको बताउनुभएको छ।

बोगदान-मार्टिनले भन्नुभयो, "ती रणनीतिहरू मध्ये एक सुसङ्गत विषय नवीनता, क्षमता निर्माण र पूर्वाधार लगानीमा ध्यान केन्द्रित गर्नु हो।"

उहाँले भन्नुभयो, "बहस अझै पनि विश्वव्यापी स्तरमा हुन आवश्यक छ भन्ने मलाई लाग्छ। राष्ट्रसङ्घीय यस निकायले कति बढी नियमन र कति कम नियमन आवश्यक छ भनेर पत्ता लगाउने प्रयास गरिरहेको छ।" अमेरिकाको न्यूजर्सीमा हुर्केकी र आफ्नो तीन दशकभन्दा लामो रोजगारीको अधिकांश समय आईटीयूमा बिताएकी बोगदान मार्टिनले जेनेभास्थित दूरसञ्चार निकायले नयाँ प्रविधिका लागि मापदण्ड निर्धारण गरेको र यस विषयमा अति आवश्यक संवादलाई सहज तुल्याउन सहयोग गर्ने बताउनुभएको छ।

उहाँले भन्नुभयो, "मलाई लाग्छ, विश्वव्यापी दृष्टिकोणको आवश्यकता महत्त्वपूर्ण छ । खण्डित दृष्टिकोणहरूले सबैलाई सेवा गर्न र पुग्न मद्दत गर्दैन।"देश र कम्पनीहरू फस्टाउँदै गएको क्षेत्रमा आफ्नो प्रभुत्व बलियो बनाउन दौडिरहेका बेला सावधानीहरू हावामा फ्याँकिन सक्छन् भन्ने चिन्ताहरू उब्जिएका छन् । दौड गुमाउने वा भाग लिने क्षमता नभएकाहरू पछि पर्नेछन्।


**'विशाल अन्तर'**

आईटीयू प्रमुखले एआइभित्र शिक्षा, कृषिदेखि स्वास्थ्य सेवासम्मका सबै कुरामा सुधार गर्न सक्ने क्षमताका साथ ' चकित पार्ने' प्रगतिको प्रशंसा गर्दै भन्नुभयो, "ठोस प्रयास बिना एआईले 'असमानतालाई बढावा दिने' को लागि खडा हुने जोखिम छ ।" उहाँले विश्वव्यापी रूपमा पहिले नै भयानक डिजिटल विभाजनलाई गहिरो नगर्न चेतावनी दिनुभयो । बोगदान मार्टिनले भन्नुभयो, "हामीसँग दुई अर्ब ६० करोड मानिस इन्टरनेटको पहुँचमा छैनन्, जसको अर्थ उनीहरूसँग एआईको पहुँच छैन।"

उहाँले अगाडि थप्नुभयो, "यदि हामी वास्तवमा सम्पूर्ण मानवताको लागि फाइदाजनक केहि गर्न चाहँदैछौं भने हामीले ती विभाजनहरूको सामना गर्नु पर्दछ।"सङ्गठनको लगभग १६० वर्षको इतिहासमा आइटियूको महासचिवको रूपमा सेवा गर्ने पहिलो महिला बोगदान मार्टिनले पनि डिजिटल स्पेसमा धेरैभन्दा धेरै महिलाहरूलाई ल्याउनुपर्ने आवश्यकतामा जोड दिनुभयो । उहाँले भन्नुभयो, "हामीबीच ठूलो खाडल छ।" हामीसँग निश्चित रूपमा एआईमा पर्याप्त महिलाहरू छैनन् ।"

चार सन्तानकी आमा ५९ वर्षीया उहाँले सिसाको छाना तोडेर भावी पुस्ताका लागि मार्ग प्रशस्त गर्न पाउनु ठूलो सम्मानको कुरा भएको बताउनुभयो । केवल प्राप्त गर्नको लागि मात्र नभई अधिक प्राप्त गर्न त्यहाँ धेरै दबाब थियो ।आगामी वर्ष आफ्नो चार वर्षे कार्यकाल समाप्त भएपछि पुनः निर्वाचनका लागि ट्रम्प प्रशासनको समर्थन प्राप्त बोगदान मार्टिनले आफू दोस्रो कार्यकालका लागि सत्तामा रहिरहन आतुर रहेको बताउनुभएको छ। उहाँले भन्नुभयो, "अझै धेरै काम गर्न बाँकी छ।"

# बुटवलस्थित जबई खेल मैदानमा कर्णेल उजिरसिंह थापा रङ्गशाला बन्दै



लुम्बिनी । बुटवल उपमहानगरपालिका वडा नं १३ सालघारीस्थित जबई खेल मैदानलाई स्तरोन्नति गरी अन्तरराष्ट्रियस्तरको कर्णेल उजिर सिंह थापा रङ्गशाला बनाउने काम सुरु भएको छ।

बुटवलको जितगढीमा भएको अङ्ग्रेज फौजसँगको लडाइँ जिती विश्वभर नेपालीको वीरता फैलाउने कर्णेल थापाको सम्मानमा आधुनिक एवं सुविधासम्पन्न रङ्गशाला बनाउने काम अघि बढेको हो । बुटवल उपमहानगरपालिकाले आव २०७६/७७ मा सो खेल मैदानलाई स्तरोन्नतिसहित कर्णेल थापाका नाममा रङ्गशाला बनाउन सुरु गरिएकामा वनको अवरोधलगायत कारण रोकिएको काम सुरु भएको प्रदेश पूर्वाधार विकास प्राधिकरणका इञ्जिनियर शङ्कर सुवेदी बताउनुहुन्छ।

भूतपूर्व सैनिकको बाहुल्य रहेको सो उपमहानगरपालिका वडा नं १३ मा बन्न लागेको उक्त रङ्गशाला निर्माणका लागि लुम्बिनी प्रदेश सरकारले दुई चरणमा विनियोजित गर्नेगरी रु ५३ करोड बजेट उपलब्ध गराउने निर्णय गरेको छ। पहिलो चरणअन्तर्गत चालु आर्थिक वर्ष २०८२/८३ मा रु १० करोड ७६ लाख ६१ हजार लागत अनुमान स्वीकृत भई बोलपत्र आह्वान प्रक्रिया अघि बढिसकेको विकास प्राधिकरणले जनाएको छ।

सो रङ्गशाला निर्माणका लागि अर्जुन, मार्क, प्रदीप जेभी बनस्थली काठमाडौँसँग भ्याटसहित रु आठ करोड ५२ लाख ३२ हजार ४९३ ठेक्का सम्झौता भएको र रु तीन करोड प्रदेश सरकारबाट बजेट विनियोजन भइसकेको प्राधिकरणले बताएको छ ।लुम्बिनी प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०८१ फागुन ६ गतेको निर्णयअनुसार आयोजना कार्यान्वयनका लागि युवा तथा खेलकुद मन्त्रालयबाट प्रदेश पूर्वाधार विकास प्राधिकरणमा हस्तान्तरण गरेको इञ्जिनियर सुवेदीले जानकारी दिनुभयो।

प्रदेशस्तरीय खेलकुद क्षेत्रको विकास आयोजना कार्यान्वयनका क्रममा कर्णेल उजिरसिंह थापा रङ्गशाला हाताभित्र करिब २० हजार दर्शकले खेल हेर्न मिल्नेगरी सुविधासम्पन्न फुटबल मैदानसहित बहुउद्देशीय खेल मैदान, भलिबल कोर्ट, 'एथलेटिक ट्रेक', 'एक्वाटिक सेन्टर', 'स्विमिङ पुल', चमेनागृह, पार्किङ स्थल, सानो बाल उद्यानलगायत संरचना निर्माण हुनेछन्।

यसैगरी, रङ्गशाला प्रवेशका लागि चार वटा प्रवेशद्वार, आपतकालीन द्वार, चारैतर्फ १२ देखि २० हजार दर्शक अट्ने क्षमताको आधुनिक 'प्यारापिट' निर्माण गर्नेगरी डिजाइन गरिएको इञ्जिनियर सुवेदीले जानकारी दिनुभयो।

स्थानीय जनप्रतिनिधि ध्रुव थापाका अनुसार बुटवल उपमहानगरपालिकाले जबई खेल मैदानमा केही संरचना निर्माण गरी क्षेत्रीय, जिल्ला तथा स्थानीयस्तरका विभिन्न खेल प्रतियोगिता सञ्चालन गर्दै आएकामा तीनै तहका सरकारको सहयोग र सहकार्यमा अब सुविधा सम्पन्न रङ्गशाला निर्माण हुने भएको छ।

सो रङ्गशाला निर्माण गर्न लुम्बिनी प्रदेश सरकारले बर्सेनि बजेट व्यवस्था गर्दै आए पनि खेल मैदान हाताभित्र रहेका केही रुख कटान गर्ने क्रममा 'वन कार्यालय'ले अवरोध सिर्जना गरेपछि विनियोजित रकम फ्रिज हुनासाथ चिन्तित बनेका स्थानीयवासी अहिले खुसी देखिएको जनप्रतिनिधि थापाले बताउनुभयो।

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेलको विशेष पहलमा ' वन'को समस्यासहित देखिएका तमाम अड्चनहरू समाधान भएसँगै स्थानीय भूपू सैनिक, युवा तथा खेलाडी र आमसर्वसाधारण वर्षौंदेखि उठाउँदै आएको माग पूरा भएकामा स्थानीयवासी हर्षित भएको भूपू सैनिक जबई स्पोर्टिङ क्लबका अध्यक्षसमेत रहेका स्थानीय अगुवा गोपिराम पुन बताउनुहुन्छ।

साथै उहाँले खेल प्रेमीसहित स्थानीयवासीकोतर्फबाट सरकारलाई धन्यवाद दिँदै क्लबका अध्यक्ष पुनले भन्नुभयो, "आव २०७६/४७ देखि रङ्गशाला बन्ने क्रममा रहे पनि वनको अवरोधसहित विभिन्न समस्याका कारण रोकिएको काम अब अघि बढ्ने भएको छ । दुई चरणमा बजेट व्यवस्थासहित रङ्गशाला बन्ने सुनिश्चित भएकामा हामी हर्षित छौं। रङ्गशालामा निर्माण हुने संरचनाको विस्तृत 'डिजाइन' तयार भइसकेकाले अब द्रुतगतिमा काम अघि बढ्ने विश्वास लिएका छौं। रङ्गशाला निर्माण प्रक्रियालाई अघि बढाउन नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने उपप्रधानमन्त्री पौडेलसहित प्रदेश सरकार र स्थानीय तहप्रति आभारी छौं।"

'वन प्रशासन'ले वन क्षेत्र प्रयोग गर्न गत असोज १८ गते प्रदान गरेको अनुमतिअनुसार रङ्गशाला निर्माणसहित यसक्षेत्रका महत्वपूर्ण विकास आयोजनालाई काम गर्ने बाटो खुलेको थियो । अहिले सो रङ्गशालाको 'डिपिआर' अनुसार काम गर्ने जिम्मा प्रदेश सरकार मातहतको प्रदेश पूर्वाधार विकास प्राधिकरणले पाएको छ । प्राधिकरणले रङ्गशाला क्षेत्रको 'साइट'मा समन्वय गर्न उद्देश्यले विमला श्रेष्ठको नेतृत्वमा टोली परिचालन गरेको इञ्जिनियर सुवेदीले जानकारी दिनुभयो।

सो रङ्गशाला निर्माणका क्रममा आवश्यक सहजीकरण गर्नुहुने रुपन्देही जिल्ला क्षेत्र नं २ बाट प्रतिनिधिसभामा प्रतिनिधि गर्ने उपप्रधानमन्त्री एवं अर्थमन्त्री पौडेलले गत शनिबार 'जबई खेल मैदान क्षेत्र'को प्राविधिक टोलीसहित निरिक्षण गर्दै गुरुयोजनाअनुसारको बहुउद्देश्यीय रङ्गशाला निर्माणको कामअघि बढिसकेको बताउनुभयो।

स्थानीयवासी र खेलकुदप्रेमीको भावना र चाहनाबमोजिम आफ्नै निर्वाचन क्षेत्रभित्र प्रदेश सरकारको सहयोगमा आधुनिक एवं सुविधासम्पन्न रङ्गशाला बन्न लागेकामा खुसी व्यक्त गर्दै उहाँले निर्माणाधीन कामको निगरानीसहित गुणस्तरमा ध्यान दिन सम्बद्ध सबैसँग अनुरोध गर्नुभयो।

उहाँले वन क्षेत्रको अनुमति, बजेट विनियोजन, मन्त्रालय हस्तान्तरण र पूर्वाधार विकास प्राधिकरणलाई अधिकार प्रदानगरी परियोजना कार्यान्वयन सुनिश्चित गर्ने काम सम्पन्न भइसकेको अवस्थामा अब निर्माण कार्यमा अरु कुनै व्यवधान नरहेको स्पष्ट गर्दै अर्थमन्त्री पौडेलले स्थानीय जनप्रतिनिधि, नागरिक समाज, स्थानीयवासीको निर्माणको गुणस्तरमा ध्यान जानुपर्नेमा जोड दिनुभयो।

सुरुमा प्रदेश सरकारले रु १० लाख र उपमहानगरले रु पाँच लाख गरी रु १५ लाख विनियोजन गरी रङ्गशालाको वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) को कामअघि बढाउन लाग्दा वन क्षेत्रमा उजुरी परी निर्माण प्रक्रिया रोकिएको थियो।

विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अनुसार साढे चार बिघा क्षेत्रफलमा निर्माण हुने भनिएको रङ्गशालाको १५ मिटर जग्गा जितेश्वरी सामुदायिक वनमा पर्ने भएपछि डिपिआर र इआइएको काम पूरा भए पनि जग्गा प्राप्तिको प्रक्रिया रोकिएको थियो ।जग्गा प्राप्त गर्न नसके पनि प्रदेश सरकारले रङ्गशाला निर्माण गर्ने भन्दै विगत चार वर्षदेखि नियमित बजेट विनियोजन गर्दै आएको थियो । पछिल्ला चार वर्षमा प्रदेश सरकारले झण्डै रु २० करोड बजेट यही रङ्गशालाका नाममा छुट्याउँदै आए पनि बजेट 'फ्रिज' हुने गरेको थियो।

सबै पक्षबाट आवश्यक पहलकदमी भएपछि निर्माण प्रक्रिया सम्भव भएको हो भन्दै यसै क्षेत्रका प्रदेशसभा सदस्यसमेत रहनुभएका पूर्वमन्त्री भोजप्रसाद श्रेष्ठले भन्नुभयो, "जेजति उल्झन ब्यहोरियो अब व्यहोर्नु पर्ने छैन, यसक्षेत्रको मुहार फेरिने गरी मैदान बन्नेछ, स्थानीयवासी र खेलप्रेमीको चाहना र भावनाबमोजिम प्रदेश सभासदका हैसियतले सक्दो सहयोग र समन्वय गरैं, रङ्गशाला बन्ने सुनिश्चित भएपछि अहिले साह्रै खुसी छु।"रासस

**सो रङ्गशाला निर्माणका क्रममा आवश्यक सहजीकरण गर्नुहुने रुपन्देही जिल्ला क्षेत्र नं २ बाट प्रतिनिधिसभामा प्रतिनिधि गर्ने उपप्रधानमन्त्री एवं अर्थमन्त्री पौडेलले गत शनिबार "जबई खेल मैदान क्षेत्र"को प्राविधिक टोलीसहित निरिक्षण गर्दै गुरुयोजनाअनुसारको बहुउद्देश्यीय रङ्गशाला निर्माणको कामअघि बढिसकेको बताउनुभयो ।**

# युद्धविराम आशाका बावजुद थाइल्यान्ड र कम्बोडियाबीच झडप

एएफपी

साम्राओङ ।अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको राति ढिलो हस्तक्षेपपछि दुवै पक्षले युद्धविरामबारे छलफल गर्न तयार भएको भने पनि थाइल्यान्ड र कम्बोडियाबीच आइतबार चौथो दिन पनि झडप भएको छ।

लाखौं विदेशी पर्यटकहरूको लोकप्रिय गन्तव्य रहेका यी छिमेकी राष्ट्रहरू विवादित सीमाना मुद्दालाई लिएर वर्षौंको सबैभन्दा रक्तपातपूर्ण द्वन्द्वमा फसेका छन् । दुवै पक्षबीच झडप हुँदा कम्तीमा ३३ जनाको मृत्यु पुष्टि भएको छ र दुई लाखभन्दा बढी विस्थापित भएका छन् ।

शनिबार राति ढिलो ट्रम्पले दुवै प्रधानमन्त्रीसँग कुरा गरेपछि र उहाँहरूले भेटेर युद्धविरामलाई ' चाँडो समाधान' गर्न सहमत भएको बताएपछि दुवैले लडाइँ अन्त्य गर्न वार्ता सुरु गर्न इच्छुक रहेको बताउनुभयो ।तर उत्तरी कम्बोडिया र उत्तरपूर्वी थाइल्यान्डबीचको सीमावर्ती क्षेत्रमा रहेका लामो समयदेखि विवादित दुईवटा प्राचीन मन्दिर नजिक आइतबार बिहान ताजा झडप सुरु भयो।

कम्बोडियाको रक्षा मन्त्रालयका प्रवक्ता माली सोचेआताले थाई सेनाले बिहान ४:५० बजे मन्दिरहरू वरपरका क्षेत्रहरूमा आक्रमण सुरु गरेको बताउनुभयो ।एएफपीका पत्रकारहरूले तोपको नियमित 'दुई सशस्त्र बलबीच तत्काल र बिना शर्त युद्धविरामको प्रस्तावसँग सहमत' भएको बताउनुभयो ।

उहाँले आफ्ना विदेशमन्त्री प्राक सोखोनले अमेरिकी विदेशमन्त्री मार्को रुबियोसँग थाईहरूसँग समन्वय गर्न कुरा गर्ने बताउनुभयो, तर बैङ्कलाई कुनै पनि सम्झौताबाट पछि हट्न विरुद्ध चेतावनी दिनुभयो ।ट्रम्पको फोनपछि थाइल्यान्डका कार्यवाहक प्रधानमन्त्री फुम्थाम वेचयाचाईले सिद्धान्ततः युद्धविराममा प्रवेश गर्न र 'सकेसम्म चाँडो' वार्ता सुरु गर्न सहमत भएको बताउनुभयो ।दुवै पक्षले सङ्कट अन्त्य गर्न वार्ताको इच्छा व्यक्त गरे पनि अहिलेसम्म कुनै पनि पक्ष पछि हट्न इच्छुक भएको छैन। आइतबार फेरि उनीहरूले एकअर्कामाथि शान्ति प्रयासहरू कमजोर पारेको दोष लगाएका छन् ।

थाई विदेश मन्त्रालयले पनि कम्बोडियाली सेनाले सुरिन प्रान्तका नागरिकका घरहरूमा गोला प्रहार गरेको आरोप लगाएको छ ।विदेश मन्त्रालयले एक वक्तव्यमा भन्यो, "कम्बोडियामा राम्रो विश्वासको गम्भीर अभाव र मानवअधिकार र मानवीय कानूनका आधारभूत सिद्धान्तहरूको बारम्बार उल्लङ्घन गर्दा शत्रुताको कुनै अन्त्य गर्न सकिँदैन ।"कम्बोडियाको तर्फबाट रक्षा मन्त्रालयका प्रवक्ता माली सोचेआताले उनीहरूले पहिले फायरिङ गरेको अस्वीकार



धमाकाले मोर्चाबाट करिब २० किलोमिटर (१२ माइल) टाढा रहेको कम्बोडियाली सहर साम्राओङका झ्यालहरू हल्लिरहेको बताए ।थाई सेनाका उप प्रवक्ता रित्चा सुक्सुवानोनले दुवै पक्षले रणनीतिक स्थानहरूको नियन्त्रणका लागि लड्दा कम्बोडियाली सेनाले बिहान ४:०० बजे तोप प्रहार सुरु गरेको बताउनुभयो।

**युद्धविरामका आह्वानहरू**

कम्बोडियाली प्रधानमन्त्री हुन मानेटले आइतबार उहाँको देश गर्दै वक्तव्य जारी गर्नुभयो।

वक्तव्यमा थाइल्यान्डलाई ' जानाजानी र समन्वित आक्रामकताका कार्यहरू' गरेको आरोप लगाइएको छ ।लामो समयदेखि चलिरहेको सीमा विवाद यस हप्ता लडाकू विमान, ट्याङ्क र भूमिगत सेनाहरूले ग्रामीण सीमावर्ती क्षेत्रमा लड्दा युद्धमा परिणत भयो।

विवादित सीमा जङ्गल र कृषि भूमिले घेरिएको पहाड हुन जहाँ स्थानीयवासीहरूले रबर र धान खेती गर्छन्।

# भोकमरीको चिन्ता बढेपछि इजरायली सेनाले गाजाका तीन क्षेत्रमा लडाइँ रोक्ने



एपी

देइर अल-बलाह ।इजरायली सेनाले आइतबार गाजाका ठूलो जनसङ्ख्या भएका तीन क्षेत्रमा दिनको १० घण्टाका लागि लडाइँ रोक्ने र निराश प्यालेस्टिनीहरूलाई सहायता वितरणका लागि सुरक्षित मार्गहरू खोल्ने बताएको छ। यो २१ महिनाको युद्धमा इजरायलको आचरणलाई लिएर अन्तर्राष्ट्रिय आलोचनाको लहरको सामना गर्दा क्षेत्रमा बढेको भोकमरीलाई सम्बोधन गर्ने उद्देश्यले लिइएका कदमहरूको शृङ्खला हो।

सेनाले ठूलो जनसङ्ख्या भएको क्षेत्रका तीन क्षेत्र गाजा सहर, देइर अल-बलाह र मुवासीमा 'मानवीय सहायताको मात्रा बढाउन' क्षेत्रमा प्रवेश गर्न 'रणनीतिक विराम' सुरु गर्ने बताएको छ।

यो विराम आइतबारदेखि सुरु भएर अर्को सूचना नभएसम्म हरेक दिन स्थानीय समयअनुसार बिहान १०:०० बजेदेखि बेलुकी ८:०० बजेसम्म हुनेछ ।सेनाले आइतबार गाजामा सहायता एयरड्रपहरू गरेको पनि बताएको छ, जसमा पिठो, चिनी र डिब्बाबन्द खानाको साथ सहायताको प्याकेजहरू समावेश थिए।

खाद्य विज्ञहरूले गाजामा अनिकालको जोखिमका लागि महिनौंदेखि चेतावनी दिएका छन् । हमासले आफ्नो शासनलाई बलियो बनाउन मद्दत गर्न सामानहरू चोर्ने गरेको बताउँदै त्यहाँ इजरायलले सहायतामा प्रतिबन्ध लगाएको छ ।हालैका दिनहरूमा गाजाबाट देखिएका कमजोर बालबालिकाका तस्बिर हरूले नजिकका सहयोगीहरू लगायत इजरायलको विश्वव्यापी आलोचनालाई बढावा । उनीहरूले युद्ध र यसले जन्माएको मानवीय विपत्तिको अन्त्यको आह्वान गरेका छन्।

इजरायलले अन्य क्षेत्रमा हमासविरुद्ध आक्रमण जारी राख्दै नयाँ उपायहरू अपनाइरहेको बताएको छ।

इजरायल र हमासबीचको युद्धविराम प्रयासहरू शङ्कास्पद देखिएको केही दिनपछि स्थानीय लडाइँमा विराम लागेको हो। शुक्रबार इजरायल र अमेरिकाले हमासलाई दोष दिँदै आफ्ना वार्ता टोलीहरूलाई फिर्ता बोलाए र इजरायलले लडाकू समूहसँग युद्धविराम वार्ताका 'वैकल्पिक विकल्पहरू' बारे विचार गरिरहेको बताएको छ।

मार्चमा पछिल्लो युद्धविराम समाप्त भएपछि इजरायलले बन्धकहरूलाई रिहा गर्न हमासलाई दबाब दिने उद्देश्यले गाजामा खाना, औषधि, इन्धन र अन्य आपूर्तिको प्रवेश अढाई महिनाका लागि पूर्ण रूपमा बन्द गरेको थियो ।अन्तर्राष्ट्रिय दबाबमा इजरायलले मेमा नाकाबन्दीलाई अलिकति सहज बनायो । त्यसपछि उसले संयुक्त राष्ट्रसङ्घ र अन्य सहायता समूहहरूलाई वितरण गर्न करिब चार हजार पाँच सय ट्रकलाई प्रवेशको अनुमति दिएको छ।

तथापि दैनिक औसत ६९ ट्रक संयुक्त राष्ट्रसङ्घले भनेअनुसार गाजाका लागि आवश्यक दैनिक पाँच सयदेखि छ सय ट्रकभन्दा धेरै कम छ । संयुक्त राष्ट्रसङ्घले भोकाएका भीड र गिरोहहरूले आउने ट्रकहरूबाट अधिकांश लिएका कारण धेरै सहायता वितरण गर्न नसकेको बताएको छ।

संयुक्त राष्ट्रसङ्घबाट सहायता वितरणलाई डाइभर्ट गर्ने तरिकाका रूपमा इजरायलले अमेरिकामा दर्ता भएको गाजा मानवीय फाउन्डेसनलाई समर्थन गरेको छ। उक्त फाउन्डेसनले मे महिनामा खाद्यान्न आपूर्तिको बाकसहरू वितरण गर्ने चार केन्द्र खोलेको थियो।

मे महिनादेखि इजरायली सेनाले खाना प्राप्त गर्न खोज्दा प्रायः नयाँ सहायता साइटहरू नजिकै एक हजारभन्दा बढी प्यालेस्टिनी मारिएको राष्ट्रसङ्घीय मानव अधिकार कार्यालयले जनाएको छ।

इजरायलले प्रमाण प्रदान नगरी राष्ट्रसङ्घविरुद्ध उसको प्रणालीले युद्धभरि हमासलाई सहायता चोर्न अनुमति दिएको भन्दै आलोचना गरेको छ। संयुक्त राष्ट्रसङ्घले उक्त दाबीलाई अस्वीकार गर्दै उसको वितरण संयन्त्र प्यालेस्टिनीहरूलाई सहायता पुर्‍याउने उत्तम तरिका थियो भनेको छ।

सेनाले संयुक्त राष्ट्रसङ्घ र अन्य मानवीय समूहहरूको समन्वयमा नयाँ कदम चालेको बताएको छ ।जमिनका साना-साना भागहरूमा लडाइँ गरेर दबाएको गाजाको धेरैजसो जनसङ्ख्या अहिले सहायतामा निर्भर छ। सन् २०२३ अक्टोबर ७ मा एक हजार दुई सय मानिसको हत्या र दुई सय ५१ जनालाई बन्धक बनाउँदै दक्षिणी इजरायलमा हमासले आक्रमण गरेपछि युद्ध सुरु भएको हो । हमासले अझै पनि ५० बन्धकलाई समातेर राखेको छ । तीमध्ये आधाभन्दा बढी मरेको अनुमान गरिएको छ।

गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायलको जवाबी आक्रमणमा ५९ हजार सात सयभन्दा बढी प्यालेस्टिनी मारिएका छन् । यसको गणनाले आतङ्कवादी र नागरिकबीचको भिन्नता देखाउँदैन, तर मन्त्रालयले मृतकमध्ये आधाभन्दा बढी महिला र बालबालिका रहेको बताएको छ। यो मन्त्रालय हमास सरकारको अधीनमा रहेको छ। संयुक्त राष्ट्रसङ्घ र अन्य अन्तर्राष्ट्रिय संस्थाहरूले यसलाई हताहतको तथ्याङ्कको सबैभन्दा भरपर्दो स्रोतको रूपमा हेर्छन्।

# हात्ती प्रजनन केन्द्रमा ३३ वर्षमा ६८ छावा जन्मिए

चितवन । चितवन राष्ट्रिय निकुञ्जको हात्ती प्रजनन तथा तालिम केन्द्र खोरसोर सौराहामा हालसम्म ६८ वटा छावा जन्मिएका छन् । विसं २०४४ मा भारत, थाइल्याण्ड र मेनमारबाट २० वटा हात्ती ल्याएर केन्द्र सुरु गरिएको थियो ।

केन्द्रमा ती देशबाट छ वटा भाले र १४ वटा पोथी हात्ती ल्याइएको थियो । विसं २०४९ चैतमा पहिलोपटक यहाँका हात्तीले छावा जन्माएका केन्द्रका प्रमुख मणिपुरण चौधरीले जानकारी दिनुभयो । उहाँका अनुसार त्यसयता हालसम्म ६८ वटा छावा जन्मिएकामा सात वटाको मृत्यु भइसकेको छ ।

चौधरीले हालसम्म जन्मिएकामध्ये ३९ भाले र २९ वटा पोथी रहेका जनाउँदै हाल चितवन राष्ट्रिय निकुञ्जभित्र ५८ वटा हात्ती रहेका उल्लेख गर्नुभयो । “प्रजनन केन्द्रमा २२ वटा हात्ती छन् । तीमध्ये नौ वटा माउ र १३ वटा बच्चामध्ये छ वटालाई तालिम दिएर राखिएको छ । केही दिनमा तिनीहरूलाई पनि पोष्टमा पठाइँदै छ”, उहाँले भन्नुभयो ।

पछिल्लो समय जन्मिएका सात वटा छावा केन्द्रमा रहेका चौधरीले बताउनुभयो । यहाँ जन्मिएर तालिम दिएपछि निकुञ्ज सुरक्षार्थ विभिन्न ठाउँमा रहेका पोष्टहरूमा पठाउने गरिएको जनाउँदै उहाँले यहाँ जन्मिएका छावाको विभिन्न प्रतिष्ठित व्यक्तिको सम्मानस्वरुप नामाकरण गर्ने गरिएको बताउनुभयो । “पहिलेपहिले राजा र राजपरिवारका सदस्यको नाममा नामाकरण गरिन्थ्यो । पछिल्लो पटक निकुञ्जमा कार्यरत रहेर हालै निधन हुनुभएका संरक्षण अधिकृत वेदबहादुर खड्काको सम्मानमा नयाँ छावाको नामाकरण गरिएको छ”, केन्द्रका प्रमुख चौधरीले भन्नुभयो ।

लामो समयसम्म निकुञ्जको संरक्षणका क्षेत्रमा उल्लेखनीय भूमिका निर्वाह गर्नुभएका खड्काको सम्मानमा केन्द्रमा जन्मिएको छावाको यही साउन ७ गते न्वारन गरेर वेदगज नाम राखिएको उहाँले जानकारी दिनुभयो ।रासस

# क्वारेनटाइनको निर्माण नहुँदा निकासी पैठारी शून्य




नवलपुर । छ वर्ष अगाडि मूल भन्सारमा स्तरोन्नति भएको त्रिवेणी भन्सार कार्यालय नाम मात्रको ‘मूल भन्सार’ बनेको छ । भारतसँग सीमा जोडिएको गण्डकी प्रदेशकै एकमात्र यस भन्सारमा आवश्यक पर्ने क्वारेनटाइनको निर्माण नहुँदा हालसम्म निकासी पैठारी हुनसकेको छैन ।

विसं २०७६ फागुनमा मूल भन्सारको मान्यता पाएको नवलपरासी (बर्दघाट-सुस्तापूर्व) को विनयी त्रिवेणी गाउँपालिका-७ मा रहेको यस भन्सारमा हालसम्म क्वारेनटाइन निर्माण हुन नसक्दा मालसामान निकासी पैठारी शून्य छ । फागुन २०७६ अगाडि यस भन्सार भैरहवा भन्सार कार्यालयको छोटी भन्सारको रूपमा रहेको थियो । सङ्घीय सरकारको निर्णयअनुसार मूल भन्सारको मान्यता पाएको यस भन्सारमा आवश्यक पूर्वाधार निर्माण हुन नसक्दा भारततर्फ पठाउने मालसामान र भारतबाट नेपाल भित्रिने मालसामानको अवस्था शून्य रहेको भन्सार कार्यालयले जनाएको छ ।

त्रिवेणी भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत रामराजप्रसाद चौरासियाले भन्सारको स्तरोन्नतिसँगै यहाँ प्लान्ट क्वारेनटाइन, खाद्यान्न क्वारेनटाइन, पशु क्वारेनटाइनलगायत पूर्वाधार निर्माण हुनुपर्नेमा त्यस्तो हुन नसकेको जानकारी दिनुभयो । “पहिला छोटी भन्सारका रूपमा रहेको त्रिवेणी भन्सारलाई मूल भन्सार बनाइयो”, उहाँले भन्नुभयो, “मूल भन्सारलाई आवश्यक पर्ने पूर्वाधार निर्माण नहुँदा गाडीको अस्थायी नम्बर पैठारी दिनेबाहेकका सेवा हामीले दिनसकेका छैनौँ ।” क्वारेनटाइन नहुँदा त्रिवेणी भन्सार पर्यटक नाकाका रुपमा मात्र रहेको अधिकृत चौरासियाको भनाइ छ । “भारतबाट नेपाल घुम्न आउने पर्यटकका सवारीसाधनलाई अस्थायी नम्बर दिनेबाहेकका अरु काम हामीले पाएका छैनौँ”, उहाँले भन्नुभयो, “भारततर्फ बाल्मीकि नगरमा भारतले क्वारेनटाइन बनाएको छ, तर हाम्रोमा नहुँदा निकासी पैठारी शून्य भएको हो ।”

बाल्मीकि नगरले समेत त्रिवेणी भन्सारमा पनि क्वारेनटाइन बनाउनुपर्ने जनाउँदै त्रिवेणी भन्सारबाट केन्द्रसम्म पत्राचार गरेको उल्लेख गर्दै उहाँले यहाँ क्वारेनटाइन नबन्दा सरकारले यो नाकाबाट हुने राजस्वको आम्दानी गुमाइरहेको बताउनुभयो । खाद्यान्न, बोटबिरुवा तथा पशुचौपाया परीक्षण गर्ने र राख्ने छुट्टाछुट्टै क्वारेनटाइन निर्माण गरेर निकासी पैठारीको वातावरण सृजना गर्नका लागि आफूहरुले भन्सार विभाग हुँदै नेपाल सरकारलाई आग्रह गरिरहेको उहाँको भनाइ छ ।

अस्थायी पैठारीबाट मात्र पनि त्रिवेणी भन्सार कार्यालयले गत आव २०८१/८२ मा करिब रु एक करोड ८० लाख राजस्व सङ्कलन गर्न सफल भएको चौरासियाले बताउनुभयो । कार्यालयले लक्ष्यको तुलनामा ७४ दशमलव छ प्रतिशतमात्र प्रगति हासिल गरेको उहाँको भनाइ छ । कार्यालयले गत आवमा रु दुई करोड ४० लाख १९ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकामा रु एक करोड ७९ लाख २८ हजारमात्र राजस्व सङ्कलन गर्न सफल भएको उहाँले जानकारी दिनुभयो ।

उहाँका अनुसार गत आवमा सबैभन्दा बढी राजस्व माघमा असुली भएको छ । कार्यालयले माघमा रु ४० लाख २६ हजार राजस्व सङ्कलन गर्न सफल भएको चौरासियाले जानकारी दिनुभयो । त्यस्तै, फागुनमा रु १७ लाख ७२ हजार, असारमा रु १६ लाख ६२ हजार, जेठमा रु १५ लाख ६७ हजार, पुसमा रु १४ लाख ८२ हजार रुपैयाँ राजस्व सङ्कलन भएको चौरासियाले बताउनुभयो । त्रिवेणी भन्सार कार्यालयले साउनमा रु ११ लाख ७१ हजार, वैशाखमा रु ११ लाख ५७ हजार, चैतमा रु ११ लाख ४२ हजार, कात्तिकमा रु ११ लाख १६ हजार, भदौमा रु १० लाख ३३ हजार, मङ्सिरमा रु नौ लाख ७४ हजार तथा असोजमा रु आठ लाख २० हजार राजस्व सङ्कलन गर्न सफल भएको कार्यालय प्रमुख चौरासियाले जानकारी दिनुभयो ।

“त्रिवेणी भन्सार कार्यालयले सवारीसाधनको अस्थायी नम्बर तथा प्रहरीले पक्राउ गरेर बुझाउने सामानको लिलाम बिक्रीबाट पनि राजस्व असुली गर्दै आएको छ”, उहाँले भन्नुभयो, “विभिन्न व्यक्तिहरूले भारतबाट भन्सार छली गरेर ल्याएको सामग्री प्रहरीले पक्राउ गर्दा हामीलाई बुझाउने र हामीले लिलामी गर्ने गरेका छौँ ।” त्रिवेणी भन्सार क्षेत्रबाट चोरीपैठारी हुने अवस्था नभएको उहाँको भनाइ छ । “हाम्रो कार्यक्षेत्रमा खुला सिमाना छैन, नारायणी नदीले नेपाल भारतलाई छुट्याएको छ”, उहाँले भन्नुभयो, “नदीबाट चोरीपैठारी गर्न सक्ने अवस्था छैन ।”

पर्यटक नाकाका रुपमा मात्र रहेको यस भन्सारलाई पूर्ण रूपमा सञ्चालन गर्न सरकारले आवश्यक तयारी गरेमा यस नाकाबाट निकासी पैठारीमा सहजता हुने उहाँले बताउनुभयो । त्रिवेणीमा नारायणी नदीमाथि बनेको पुल यस क्षेत्रको एकमात्र नाका भएकाले यसको सहज सञ्चालन गर्दा सरकारलाई धेरै फाइदा पुग्ने चौरासियाको भनाइ छ । सङ्घीय सरकारका मन्त्री, प्रदेश सरकारका मन्त्रीले यस क्षेत्रमा आउँदा त्रिवेणी भन्सारका बारेमा चासो दिने गरेको भए पनि फर्किएपछि उनीहरुले पूर्वाधार निर्माणमा ध्यान नदिँदा भन्सारले पूर्ण रूपमा काम गर्न पाएको छैन ।रासस

# नेप्से परिसूचक १८ अङ्कले घट्दा साढे २६ अर्बको कारोबार



काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिँदा कारोबार रकम साढे रु २६ अर्ब नाँघेको छ । नेप्से परिसूचक १८ दशमलव ४४ अङ्कले घटेर दुई हजार ९६४ दशमलव २० को बिन्दुमा कायम भएको हो ।आइतबार तीन सय २३ कम्पनीको पाँच करोड ८६ लाख ५३ हजार ७६२ कित्ता शेयर दुई लाख तीन हजार ६५८ पटक खरिदबिक्री हुँदा रु २६ अर्ब ५७ करोड ७४ लाख ३८ हजार २३७ बराबरको कारोबार भएको छ । आजको कारोबार रकम पछिल्लो करिब ११ महिनाकै उच्च हो ।

विकास बैंक समूह एक दशमलव २३, उत्पादन तथा प्रशोधन एक दशमलव शून्य आठ, म्युचुअल फण्ड शून्य दशमलव ३९ र व्यापार समूह एक दशमलव ४४ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ७१, वित्त एक दशमलव ९९, होटल तथा पर्यटन एक दशमलव ७९, जलविद्युत् एक दशमलव शून्य नौ, लगानी एक दशमलव ६६, जीवन बिमा एक दशमलव ३५, निर्जीवन बिमा शून्य दशमलव ६७ र अन्य समूह शून्य दशमलव ८६ प्रतिशतले घटेको छ ।

आइतबारको कारोबारमा समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड र ट्रेड टावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य छ दशमलव ३४ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा आइतबार सबैभन्दा बढी शिवम् सिमेन्ट लिमिटेडको रु एक अर्ब दुई करोड तीन लाख ३५ हजार ९२३ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी लक्ष्मी सनराइज बैंक प्रमोटरको शेयर २१ लाख २० हजार ९१२ कित्ता किनबेच भएको छ ।रासस


## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल साउन महिना १२ गते सोमबार)

यस विकास बैंकको शाखा कार्यालय गोलबजारबाट तपशिलमा उल्लेखित ऋणीले कृषि आवधिक कर्जा तथा कृषि सहुलियत आवधिक कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावां ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले ८ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

### तपशिल

**ऋणीको विवरण**

नाम : **किरन पोल्ट्री फर्म** प्रोप्राइटरको नाम : राजेन्द्र प्रसाद साह दर्ता नं. : ५६२७/०७०/०७१
दर्ता रहेको निकाय : घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहा दर्ता मिति : २०७०/१२/१३
रजिष्टर्ड ठेगाना : सिरहा जिल्ला हनुमाननगर प्र.ध. गा.वि.स. वडा नं. ८ स्थायी लेखा नं. : ६०१९१५३७६

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

१) बंकर साह तेलीको नाति शिव दयाल साह तेलीको छोरा सिरहा जिल्ला हनुमाननगर प्र.ध. वडा नं. ९ हाल, धनगढीमाई न.पा. वडा नं. ३ बस्ने **राजेन्द्र प्रसाद साह** (ना.प्र.नं. : २२९ जारी मिति र जिल्ला : २०५२/१०/१९, सिराहा)

२) शिव दयाल साहको बुहारी राजेन्द्र प्रसाद साह तेलीको पत्नी सिराहा जिल्ला हनुमाननगर प्र.ध. वडा नं. ९ हाल, धनगढीमाई न.पा. वडा नं. ३ बस्ने **कविता साह** (ना.प्र.नं. : ३५६६१४३८ जारी मिति र जिल्ला : २०४०/११/०५, सिराहा)

३) बौकु साह तेलीको नाति बंकर साह तेलीको छोरा सिराहा जिल्ला हनुमाननगर प्र.ध. वडा नं. ९ हाल, धनगढीमाई न.पा. वडा नं. ३ बस्ने **शिव दयाल साह तेली** (ना.प्र.नं. : ५३६६/२७८ जारी मिति र जिल्ला : २०५२/०५/०४, सिराहा)

४) शिव दयाल साह तेलीको नाति राजेन्द्र प्रसाद साहको छोरा सिराहा जिल्ला हनुमाननगर प्र.ध. वडा नं. ९ हाल, धनगढीमाई न.पा. वडा नं. ३ बस्ने **सुमेर साह** (ना.प्र.नं. : १५-०१-७१-०४२९६ जारी मिति र जिल्ला : २०७१/०६/१०, सिराहा)

५) बंकर साह तेलीको बुहारी शिव दयाल साह तेलीको पत्नी सिराहा जिल्ला हनुमाननगर प्र.ध. वडा नं. ९ हाल, धनगढीमाई न.पा. वडा नं. ३ बस्ने **सोवरी देवी तेलिन** (ना.प्र.नं. : ३५६६०६२८ जारी मिति र जिल्ला : २०३५/१०/२५ सिराहा)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
१) मिति २०७९/०४/१० को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कर्जा चक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजानिक सूचना
२) मिति २०७९/०८/०८ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि सम्बन्धी २१ दिने सार्वजानिक सूचना
३) मिति २०७९/०९/२१ को कारोबार राष्ट्रिय दैनिकमा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि सम्बन्धी ७ दिने सार्वजानिक सूचना
४) मिति २०८०/०२/१५ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि सम्बन्धी १५ दिने सार्वजानिक सूचना
५) मिति २०८१/०६/११ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा कर्जा चक्ता भुक्तानी गर्ने सम्बन्धी १५ दिने सार्वजानिक सूचना
६) मिति २०८२/०३/१६ को जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि सम्बन्धी ७ दिने सार्वजानिक सूचना

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (विघा) |
|---|---|---|---|---|
| सोवरी देवी तेलीन | सिराहा जिल्ला हनुमाननगर वडा नं. ८ | ८क | ४०१ | ०-९-०-० |
| कविता साह | सिराहा जिल्ला हनुमाननगर वडा नं. ८ | ८क | ७९ | ०-५-०-० |

### शर्त बन्देजहरु :
१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८२/०४/१८ गते आइतबार भित्र यस बैकको शाखा कार्यालय गोलबजार आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर वा सो बराबरको यस बैंकको नाममा खिचिएको पेश गर्ने अन्तिम मिति भित्रको Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८२/०४/१९ गते सोमबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय गोलबजारमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

“नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक”

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ



मधेश प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
## कृषि ज्ञान केन्द्र
गौर, रौतहट

## टयुबवेल/सोलार पम्प सेट/विद्युतीय मोटर जडानका लागि आवश्यक यन्त्र उपकरणहरूको आपूर्तिकर्ता सुचिकृत हुने सम्बन्धि प्रति इकाई दरभाउ सहित सिलबन्दी आवेदन (प्रस्ताव) आव्हानको सुचना

प्रथम पटक प्रकाशित मिति २०८२/०४/१२

यस कृषि ज्ञान केन्द्र, रौतहटको चालु आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम “सिचाई व्यवस्थापन प्रवर्द्धन सहयोग” कार्यकम अनुसार रौतहट जिल्लाको कृषकस्तरमा टूयुबवेल सोलार मोटर पम्पसेट/ विद्युतीय मोटर जडान तथा संचालन कार्य गर्नको लागी यस कार्यालयको अनुदान सहयोग तथा कृषकको लगानीमा आपूर्ति तथा जडान गर्नुपर्ने भएकोले योग्यता पुगेका आधिकारिक ईच्छुक यन्त्र/उपकरण उत्पादक/आपूर्तिकर्ता/विक्रेताहरुवाट यस केन्द्रले उपलब्ध गराउने निर्दिष्ट फारम भरी आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन अर्थात २०८२/०४/१८ गते सम्म दिनको १२:०० बजे भित्र सिलवन्दी आवेदन (प्रस्ताव) फारम यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रीतपुर्वक समयभित्र प्राप्त सिलबन्दी प्रस्ताव सोही दिन (२०८२/०४/१८) दिनको २:०० बजे आपूर्तिकर्ता वा निजको प्रतिनिधि तथा केन्द्रको रोहवरमा सिलबन्दी प्रस्ताव खोलिनेछ । आपुर्तिकर्ता वा निजको प्रतिनिधि उपस्थित नभएमा सिलबन्दी प्रस्ताव खोल्न बाधा पर्ने छैन । यस कार्यालयवाट उपलब्ध हुने निर्दिष्ट फारम कार्यालयको वेवसाइट akcrautahat.madhesh.gov.np बाट डाउनलोड गर्न सकिन्छ तथा थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध छ ।

छनौटमा परेका प्रस्तावहरु मध्ये स्पेशिफिकेशन तथा न्यूनतम मूल्यको आधारमा अनुदान स्वीकृत हुने तथा छनौट सूचिमा परेका आपूर्तिकर्ताहरुसंग प्रति ईकाई सम्झौता गरी कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ मा व्यवस्था भए बमोजिम अनुदानग्राहिहरुले आफ्नो ईच्छा अनुसार सूचीकृत भएका आपूर्तिकर्ताहरु मध्ये कुनै एक आपूर्तिकर्ताबाट खरीद गर्न सक्नेछा यस केन्द्रमा पेश हुन आएका सिलबन्दी प्रस्तावहरु स्वीकृत वा अस्वीकृत गर्ने अन्तिम अधिकार यस कार्यालयमा निहित रहनेछ ।

**आवश्यक कागजात तथा शर्तहरू**
- फर्म कम्पनी दर्ताको प्रमाग पत्रको प्रतिलिपि ।
- फर्म नवीकरणको प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्रको प्रतिलिपि अनिवार्य पेश गर्नु पर्ने ।
- PAN/VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
- कालो सूचीमा नपरेको स्वःघोषणा पत्र ।
- Solar PV Module (आपुर्ति गर्न सक्ने मोडेलको RETS and other certificate), Solar Motor Pump set (CE/IEC and certificate, 2–year free cost of replacement manufacturer warranty certificate) को, हकमा प्राधिकारिक विक्रेताको प्रमाण पत्रको प्रतिलिपि, आधिकारिक टेस्ट रिपोट ।
- UPVC Casing pipe, Ribbed Screen Filter को हकमा उत्पादक कम्पनी/अधिकारिक डिलरसिप भएको प्रमाणपत्र र उत्पादक कम्पनीको नाम (Punched code र सो सामाग्रीको गुणस्तर सहितको print) अनिवार्य हुनुपर्नेछ ।
- uPVC Casing pipe, Ribbed Screen Filter को हकमा उत्पादक कम्पनीको Lab Test Report प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्नेछ ।
- LCG Screen Filter को हकमा उत्पादक कम्पनीको नाम (Manufacture Serial number/code number, Bar code र सो सामाग्रीको गुणस्तर सहितको print) अनिवार्य पेश गर्नुपर्नेछ ।
- आपूर्तिकर्ताहरुले यस केन्द्रमा कार्यक्रम संचालन गर्नको लागि आफुले कबोल गरेको आवश्यक सामग्रीहरु कम्तीमा एक-एक सेट नमुना पेश गर्नुपर्नेछ । पछिल्लो आ.व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्र सहित २०८२ श्रावन पछीको कारोवार म्याद थपको स्वीकृति लिएको प्रमागपत्र प्रतिलिपि ।
- कार्यालयले उपलव्ध गराएको निर्दिष्ट फाराम पूर्ण रुपमा भरि, क्याटलग, Performance curve आदि समेत पेश गर्नुपर्नेछ ।
- यस कार्यालयको स्वीकृत कार्यक्रमहरुको विनियोजित रकमको अधीनमा रही अनुदानग्राहीबाट माग भएको ट्यूबवेल/सोलार पम्प सेट/विद्युतीय मोटर जडानका लागि यन्त्र उपकरणहरु आपूर्ति गर्नुपर्नेछ । यसरी आपूर्ति गर्दा अनुदानवाहीवाट शत प्रतिशत रकम लिई सो यन्त्र उपकरणहरु उपलब्ध गराउनुपर्नेछ । अनुदान वापतको रकम अनुदानग्राहीको खातामा जम्मा हुने गरी वा अनुदानग्राहीको मन्जुरनाको आधारमा आपूर्तिकर्तालाई यस कार्यालयबाट भुक्तानी हुनेछ ।
- पेश गरेको BOQ, क्याटलग लगायत सिलबन्दी गरिएका सम्पूर्ण कागजातको प्रतिलिपी स्वःप्रमाणित गरी पेश गर्नु पर्ने छ । सहिछाप नगरी पेश भएको प्रस्तावलाई सूचीकरण प्रक्रियामा समावेश गरिने छैन ।
- यस कार्यालयले आपूर्तिकर्तावाट आवश्यक परेमा थप कागजात माग गर्न सकिने छ सो पेश नगरे सूचिकरण प्रक्रियामा समावेश गरिने छैन ।
- आपूर्तिकर्ताति फारमसाथ फारम खरिद शुल्क वापत रु. १०००/- फिर्ता नहुने गरी कृषि ज्ञान केन्द्र रौतहटको कार्यालय कोड नं. ३१२०१२००१२ राजश्च शीर्षक नं. १४२२९, राष्ट्रिय वाणिज्य बैकमा जम्मा गरेको सक्कल बैक भौचर पेश गर्नु पर्नेछ ।
- आपूर्तिकर्ताले Performance Bond वापत रकम रु. ४०००००।- (चार लाख) बराबरको १३ महिनाको सम्म म्याद भएको सक्कल बैंक ग्यारेन्टी वा सो बराबरको रकम यस कार्यालयको कार्यालय कोड नं. ३१२०१२००१२ तथा राष्ट्रिय वाणिज्य बैकको धरौटी खाता नं. १२१०१००२०२०३०००० प्र.ले.नि.का. रौतहटमा जम्मा गरी सक्कल भौचर पेश गर्नु पर्नेछ ।
- बैंक ग्यारेन्टी रु. ४०००००/- भन्दा कम हुनु भएन र पछी बजेट थप भएमा सोही अनुसार थप बैंक ग्यारेन्टी जम्मा गरी कार्य सम्पादन अगाडी बढाउनु चर्नेछ।

कार्यालय प्रमुख

# पानी माग्दै सामाजवादी युवा संघको प्रदर्शन



**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी नेपाल निकट समाजवादी युवा संघले जनकपुरधाममा प्रर्दशन गरेको छ।

जनकपुरधाममा आइतबार सामाजवादी युवा संघ, नेपालले जनकपुरधाममा पानी माग्दै मधेश प्रदेश सरकारविरुद्ध प्रर्दशन गरेको छ।

'भ्रष्ट सरकार पानी दे, चुरे दोहन बन्द गर, राहत प्याकेज घोषणा गर, किसान विरोधी सरकार होसियार, किसान मार्न पाइँदैन' लगायतका प्लेकार्ड बोकेर उनीहरुले नाराबाजी गरेका छन् ।

जनकपुरधामको जनक चोकबाट शुरु भएको प्रर्दशन जिल्ला प्रशासन कार्यालय धनुषा हुँदै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पुगेको थियो । समाजवादी युवा संघले मधेश प्रदेशका प्रमुख सचिव मदन भुजेल र प्रमुख जिल्ला अधिकारी शंकरहरी आचार्यलाई ज्ञापनपत्रसमेत बुझाएका छन् । जिल्ला प्रशासन कार्यालयमा चार बुँदे र मुख्यमन्त्री कार्यालयमा आठ बुँदे ज्ञापनपत्र बुझाइएको छ।

सो ज्ञापनपत्रमा अवैध चुरे दोहन रोक्नु पर्ने, मलको व्यवस्था गर्नुपर्ने, प्रदेश सरकारले ल्याएको चालु आवको बजेटमा दुई वटा रेडबुक बनाएको विषयमा छानबिन गर्नुपर्ने माग गरिएको छ।

गाग्रो सहित प्रदर्शनमा ओर्लिएका युवा संघले अनिकालको चेपटामा परेका मधेशलाई सुख्खा घोषणाले मात्र समस्या समाधान नहुने भन्दै निकासका लागि ठोस योजनाको माग गरेका छन् । त्यस्तै सुख्खाक्षेत्र घोषणा मात्र नभइ ठोस राहत प्याकेजको घोषणा हुनु पर्ने, चुरे दोहन तत्काल रोक्नु पर्ने, मधेशको कृषि क्षेत्रको संरक्षण र प्रवर्द्धनका निमित्त नयाँ सिचाई योजना बनाई यथाशीघ्र कार्यान्वयन हुनु पर्ने, किसानलाई समयमै मलखादको व्यवस्था हुनु पर्ने, मलखादको आभाव झेली रहेका किसानहरुले आफनो प्रयोजनका लागि भारतबाट ल्याउने गरेको मलखादमा हुँदै आएको प्रहरीको अवरोध तत्काल हटाउनु पर्ने सहितका माग गरेका छन् ।

यसका साथै उनीहरुले चालु आर्थिक वर्षको बजेट निर्माणमा भएको चलखेलको वास्तविकतालाई सार्वजनिक गरि दोषीलाई अविलम्ब कारबाही गर्नु पर्ने माग गरेका छन् ।

# अधिकांश पुल निर्माण भएन

**रौतहटको विभिन्न स्थानमा रहेका पुलमध्ये लामो समयदेखि अलपत्र अवस्थामा रहेको लालबकैया नदीको टिकुलियाघाटको पुल पनि एक छ । शिलान्यास भएको ११ वर्ष बितिसक्दा पनि उक्त पुलको भौतिक प्रगति करिब ४० प्रतिशत रहेको डिभिजन सडक कार्यालयका एक प्राविधिकले बताए ।**

**टुडे समाचारदाता**

रौतहट । रौतहटमा निर्माण शुरु भइ अलपत्र अवस्थामा रहेका विभिन्न स्थानका एक दर्जन पक्की पुलमध्ये तीन वटा पुल निर्माण सम्पन्न भएका छन् । सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरको मातहतमा रहेका चन्द्रनिगाहपुर-गौर सडकखण्ड अन्तर्गतको बरहवा खोलाको पुल, छेदी चोक कटहरिया सडकखण्ड अन्तर्गतको तरहरी झाँझपुल र वालचनपुर-जंगलसहिया सडकखण्ड अन्तर्गतको गुजरा खोला पुलको निर्माण सम्पन्न भएको छ।



लामो समयदेखि लामो, घुमाउरो र जोखिमपूर्ण यात्राबाट आजित उक्त भेगका वासिन्दा पुल निर्माण सम्पन्न भएपछि खुसीले गद्गद भएका छन् । विकासका पूर्वाधार मानिने पुल निर्माणले यातायात सहज हुन्छ। स्थानीय उत्पादनको बजारीकरण सहज, स्थानीय हाटबजार विस्तार, पशु तथा कृषिजन्य उत्पादन वृद्धि, छिमेकी बस्ती र जिल्लासँगको आवतजावत सहज हुँदा आपसी सद्भाव र सहयोग आदानप्रदान हुने तथा किसानका आयआर्जन वृद्धि हुने भएपछि उक्त भेगका बासिन्दा खुसी भएका छन् ।

गत आर्थिक वर्ष २०८१/८२ को अन्त्यमा निर्माण सम्पन्न भएको बरहवा पुल पाँच करोड ६३ लाखख २८ हजार ९३९ रुपियाँको लागतमा निर्माण सम्पन्न भएको छ। डिभिजन सडक कार्यालय चन्द्रनिगाहपुरका प्रमुख अरुणकुमार कर्णले सो पुल निर्माणको जिम्मा कनकाई इन्टरनेसनल बिल्डर्स प्रालि सुरुङ्गा झापाले जिम्मा लिएको जानकारी दिए। २०७४ साल कात्तिक २९ गतेदेखि निर्माण कार्य थालनी गरिएको उक्त पुल दुई वर्षपछि अर्थात् २०७६ साल भदौ २७ गते हस्तान्तरण गर्नुपर्नेमा आठ वर्षपछि (२०८२ असार २५ गते) निर्माण सम्पन्न भएको छ।

२०७७ साल माघ ५ गते सगुन गल्बा राजदेवी जेभीले सात करोड ८२ लाख ५३ हजार ७४५ रुपैयाँ लागतमा ठेक्का पाएको गुजरा खोलाको पुल दुई वर्षभित्र निर्माण सम्पन्न गरी हस्तान्तरण गर्नुपर्नेमा करिब पाँच वर्षपछि निर्माण सम्पन्न भएको छ।

ठेक्का पाएको सात वर्षपछि निर्माण सम्पन्न भएको झाँझखोलाको पुल पनि सञ्चालनमा आएको छ। एपेक्स-रवी जेभी काठमाण्डुले २०७५ साल असार १९ गते आठ करोड २७ लाख ८१ हजार ६२२ रुपियाँमा ठेक्का सकार गरेको उक्त पुलको ९० प्रतिशतभन्दा बढी काम सम्पन्न भएको छ। पुल सञ्चालनमा आए पनि तीन वटै पुल भने हस्तान्तरण भई नसकेको डिभिजन प्रमुख कर्ण बताए।

रौतहटको विभिन्न स्थानमा रहेका पुलमध्ये लामो समयदेखि अलपत्र अवस्थामा रहेको लालबकैया नदीको टिकुलियाघाटको पुल पनि एक छ। शिलान्यास भएको ११ वर्ष बितिसक्दा पनि उक्त पुलको भौतिक प्रगति करिब ४० प्रतिशत रहेको डिभिजन सडक कार्यालयका एक प्राविधिकले बताए।

२०७१ साल असार २९ गते तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाद्वारा शिलान्यास गरिएको सो पुल निर्माणको जिम्मा पप्पु कन्स्ट्रक्सनले पाएको थियो। डिभिजन सडक कार्यालयका सूचना अधिकारी इन्जिनियर मदनमोहन सिंहले पछिल्लो समय उक्त कन्स्ट्रक्सन विवादमा परेपछि श्री आजाद दिपु एन्ड कम्पनी जेभी गरुडाले २७ करोड ६६ लाख आठ हजार १७६ रुपैयाँ लागतमा २०८० असार ६ गते सम्झौता गरी ०८१ चैत १ गते सम्पन्न गर्ने सहमति गरे पनि निर्माण कार्यले गति लिन नसकेको बताए । उनका अनुसार अघिल्लो र पछिल्लो दुवै निर्माण कम्पनीको कार्य प्रगति करिब ६० प्रतिशत भएको छ।

रौतहटमा चन्द्रनिगाहपुर-गैडाटार जोड्ने चाँदी नदी पुल, गुजरा नगरपालिका-१ स्थित कोठियार पुललगायत पाँच वटा पुल विगत एक दशकदेखि अलपत्र अवस्थामा रहेको डिभिजन सडक कार्यालय चन्द्रपुरले जनाएको छ।

# दुई जनाको अवस्था अज्ञात

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको राजविराजबाट दुई जनाको अवस्था अज्ञात रहेको छ।

गत असारमा बेपत्ता भएका दुई जनाका अवस्था अझैसम्म पनि अज्ञात छ। यसरी अवस्था अज्ञात हुनेमा एक जना महिला र एक जना पुरुष रहेको सप्तरी प्रहरीले जनाएको छ।

जिल्लाको राजविराज नगरपालिका- ७ की २५ वर्षीया नितुकुमारी मेहता गत असार २० गतेबाट र अर्को राजविराज-८ स्थित श्याम बाबा राइस एण्ड आयल मिल प्रा.लि.का मेनेजर खड्क नगरपालिका ३ घर भएका ५८ वर्षीय उपेन्द्रकुमार भगत असार २५ गतेदेखि बेपत्ता भएका छन् ।

घरबाट जेठी छोरीलाई विद्यालय पुऱ्याएर फर्किने भन्दै निस्केकी नितुको अवस्था अहिलेसम्म अज्ञात छ। असार २० गते ६ वर्षीया छोरी सन्ध्यालाई नोबेल एकेडेमी स्कुल पुऱ्याउन गएको बेला बेपत्ता भएकी थिइन्। उनी बेपत्ता भएको २४ दिन भइसकेको छ।

यसैगरि राजविराज- ८ स्थित श्याम बाबा राइस एण्ड आयल मिल प्रा.लि.का मेनेजर भगत चिया खान गएको बेला बेपत्ता भएका थिए। उनी बेपत्ता भएको १९ दिन भइसकेको छ।

गत शनिबार कम्पनीका सञ्चालकसमेत रहेका उद्योग वाणिज्य संघ सप्तरीका अध्यक्ष लालुप्रसाद अग्रवालले भगतको हुलिया विवरणसहित प्रहरीमा निवेदन दिँदै खोजी सहयोग गरिदिन अपिल गरेका छन्।

भगतले प्रयोग गर्ने कम्पनीको मोवाइल चार्जमा लगाएर अर्का कर्मचारी वैद्यनाथ दासलाई चिया खाएर एकै छिनमा आउँछु भनेर निस्केका थिए।

सञ्चालक अग्रवाल अबेर रातिसम्म पनि नफर्केपछि परिवारले आफन्त र नेपाल तथा भारतमा रहेका सदस्य सबैतिर खोजी गर्दा पनि फेला पर्न नसकेको जानकारी दिएका छन्।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक जीतेन्द्रकुमार बस्नेतले सम्पर्कविहीन अवस्थामा रहेका भगत र मेहता दुवै जनाको सम्पूर्ण प्रहरी कार्यालयमा हुलिया विवरण सर्कुलर गरी खोजी कार्य शुरु गरिएको बताए।

# मधुश्रावणी पर्व सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । मैथिल नवविवाहिता महिलाहरुले मनाउने मधुश्रावणी पर्व टेमी विधि संगै आज सम्पन्न भएको छ। सामाजिक सांस्कृतिक परम्परामा आधारित यो पर्व वैवाहिक जीवनमा प्रवेश गरेको पहिलो वर्षमा मनाइने गरिन्छ। पर्वको अन्तिम दिन आज टेमी विधिसंगै सम्पन्न भएको हो । यसमा बेहुलीको आँखा छोपी घुँडा र खुट्टा डाम्ने गरिन्छ।



सामान्य अर्थमा यो विधि अव्यवहारिक, अन्धविश्वासी, रूढिवादी परम्परामा आधारित भएको देखिएपनि एउटा खास धार्मिक, सांस्कृतिक मान्यताको प्रतीकको रुपमा मानिन्छ । टेमी विधिले डाम्दा हुने पीडा जतिकै दाम्पत्य जीवनमा पर्न सक्ने दुःख, कष्ट, पीडा खप्ने हुनुपर्दछ भन्ने अर्थमा अर्थ्याइएको पाइन्छ।

तेह्र दिनसम्म मनाइने यस पर्वमा विभिन्न गीत गाउँदै साथीहरूसँगै फूलबारीमा फूल टिप्दै पर्व मनाउने गर्छन् । वर्षा ऋतुमा सर्पको भूमिमा आगमन र विचरणले मानव जीवन त्रस्त हुनुले नाग-नागिन र प्रकृतिको प्रतीक भएकाले यो पर्वमा मुख्यतया शिव, पार्वती तथा नाग-नागिनको पूजा गरिन्छ । साउन महिनाको मौना पञ्चमीदेखि शुरु भएको यो पर्व साउन तृतीया तिथिका दिन समापन हुन्छ । यो पर्व मैथिल समुदायका ब्राह्मण, कायस्थ, देव र सोनार जातिले मनाएका छन् । पर्वमा प्रत्येक दिन गौरी तथा नाग-नागिनको पूजा गरी शिव, पार्वती र नागसँग सम्बन्धित कथाहरु नवविवाहिता महिलाहरुलाई सुनाइने गरिन्छ।

गौरीलाई दाम्पत्य जीवनको संरक्षिका र नागलाई नारीको पतिका रूपमा मानिएकाले यस पर्वमा गौरी तथा नाग-नागिनको विशेष पूजा आराधना गर्ने गरिएको संस्कृतिविद एवं मैथिलीका बरिष्ठ साहित्यकार डा राजेन्द्र विमलले बताए ।

१३ दिनसम्म मनाइएकमो यो पर्वमा मौनापञ्चमी एवं विसहराको जन्म कथा, मनसा र मंगला गौरीको कथा, पृथ्वीको उत्पत्ति, समुद्र मन्थन, सतीको पवित्रताको कथा, शिवको पारिवारिक कथा, गंगा उत्पत्ति, गौरीको जन्म र कामको कथा, गौरीको तपस्या, गौरी विवाहका जन्तीको कथा, कार्तिक र गणेशको जन्म, सन्ध्या र लीलीको विवाह, सुकन्या, बाल वसन्त र गोसाउनीको कथा, राजाश्रीकर र गणेशद्वारा सुहाग मन्थनको कथा सुनाइएको थियो।

# धनुष मन्दिरमा दुध चढाइयो

**टुडे समाचारदाता**

जनकपुरधाम । वर्षातको कामना गर्दै धनुषाधामस्थित धनुष मन्दिरमा दुध चढाइएको छ । लामो समयदेखि वर्षा नभएपछि स्थानीय किसानले वर्षाको कामना गर्दै मन्दिरमा दुध चढाइएको छ।



धनुष मन्दिरमा दुध अर्पणमा वर्षा हुने धार्मिकविश्वास छ । तीन वर्ष पहिला पनि यस्तै खडेरी लाग्दा दुध चढाएपछि वर्षा भएको स्थानीयको भनाइ छ । त्यही विश्वासले आइतबार बिहान विशेष पूजाको आयोजना गरी मन्दिरभित्र रहेको धनुषको टुक्रामा स्थानीय किसानले दुध चढाइएको मन्दिरका पुजारी भरतदास वैष्णवले जानकारी दिए।

वर्षाको पुकार गर्दै धनुषाधाम नगरपालिकाका नगर प्रमुख बालेश्वर मण्डललगायत चार सयभन्दा बढी किसानले दुध चढाएका छन्। पानी नपर्दा यसरी नै पुस्तौँदेखि यहाँ दुध चढाउने परम्परा रहेको उनले बताए। साउन महिनाको दोस्रो साता बितिसक्दा समेत वर्षा नहुँदा धान रोप्न नपाएर चिन्तित बनेका यहाँका किसानले घरघरबाट लिएर आएको दुध प्रसिद्ध धनुष मन्दिरमा चढाएको स्थानीय युवा नागेन्द्र महराले बताए।

पम्पिङ सेटबाट सिँचाइ गरेर कतिपय किसानले धान रोपेको भए पनि चर्को घामले धानबाली डढ्न थालेको छ । पानी नपर्दा मुठी छरेर मानो फलाउने आशा लिएर बसेका किसानले धानको बीउ छरे पनि रोप्न नपाएर चिन्तित देखिएको महराको भनाइ छ।

धनुषालगायत मधेशमा लामो समयदेखि वर्षा नहुँदा धान रोपाइँ प्रभावित भएको छ भने खानेपानीको संकटसमेत उत्पन्न भएको छ।

# लागूऔषधसहित एकजना पक्राउ



**टुडे समाचारदाता**

वीरगञ्ज । जिल्ला प्रहरी कार्यालय पर्साले लागूऔषधसहित पर्साबाट एक जना युवकलाई पक्राउ गरेको छ।

पर्सा पकाहामैनपुर गाउँपालिका-१ धोरेस्थित सडकखण्डमा भेडिअर्वा गाउँबाट धोरेतर्फ शंकास्पद रूपमा पैदल आइरहेका पकाहामैनपुर गाउँपालिका-२ मधुबनीका २२ वर्षीय दिलीपकुमार सहनीले निलो रंगको झोलामा आलु, प्याजभित्र लुकाइछिपाइ ल्याउँदै गरेको लागुऔषध प्रहरीले बरामद भएको छ।

उनको साथबाट बुप्रेनोफिन, नुफिन, डाइजेपाम र प्रोमेथाजिन हाइड्रोक्लोराइड इन्जेक्सन १ सय ५० को दरले ४ सय ५० एम्पेलु बरामद भएको छ।

सहनीलाई इलाका प्रहरी कार्यालय पोखरिया पर्सामा ल्याइ लागूऔषधसम्बन्धी कसूरमा पर्सा जिल्ला अदालतबाट ७ दिन म्याद लिइ अनुसन्धान भइरहेको पर्सा प्रहरीका प्रवक्तासमेत रहेका डीएसपी किशोर लम्सालले जानकारी दिए।

# एकटा टिमटिमाइत इजोत पुस्तक लोकार्पण



**टुडे समाचारदाता**

जनकपुरधाम । स्वर्गीय वैद्य उदित नारायण झाको जीवनमा आधारित एकटा टिमटिमाइत इजोत पुस्तक लोकार्पण गरिएको छ।

जनकपुरधाममा आइतबार लोकार्पण कार्यक्रममा जनता समाजवादी पार्टी नेपाल मधेश प्रदेशका प्रमुख सचेतक राम अशिष यादवको प्रमुख आतिथ्यतामा एकटा टिमटिमाइत इजोत पुस्तक लोकार्पण गरिएको छ।

सो पुस्तकमा वैद्य उदित नारायण झाको जीवनमा आधारित शब्द चित्र प्रस्तुत गरिएको छ।

अवि प्रतिस्ठान नेपालको आयोजनामा भएको सो लोकार्पण कार्यक्रममा अयोध्यानाथ चौधरी, रामरिझन यादव, रामअशिष यादव, श्यामसुन्दर शशी, अरबिन्द, शीतल झालगायतकाले शुभकामना मन्तव्य व्यक्त गरे।

सो पुस्तकका लेखक बिनोद चन्द्रले स्वर्गीय उदित नारायण झाले आफ्नो जीवन आयूर्वेदिक औषधि र समाजमा विभिन्न रचनात्मक कार्यमा विताएको भन्दै स्मरण गरे।

# चुरे संरक्षणकर्मी यादवलाई पुरस्कार प्रदान गरिने

**टुडे समाचारदाता**

जनकपुरधाम । इन्सेक (इनफर्मेसन नेटवर्क फर सोशल जस्टिस एण्ड ह्युमन राइट्स) का संस्थापक महासचिव तथा अथक मानव अधिकार योद्धा प्रकाश काफ्लेको स्मृतिमा स्थापना गरिएको 'प्रकाश मानव अधिकार पुरस्कार' यस वर्ष चुरे तथा वन-जंगल संरक्षण अभियानका संयोजक सुनिलकुमार यादवलाई प्रदान गरिने जनाएको छ।



इन्सेकका अध्यक्ष डा. कुन्दन अर्यालद्वारा जारी विज्ञप्तिअनुसार सार्वजनिक रूपमा गरिएको आह्वानमा प्राप्त ४० जना मनोनयनमध्ये यादवलाई पर्यावरणीय अधिकारका क्षेत्रमा सम्झौतारहित संघर्ष र योगदानका आधारमा छनोट गरिएको छ।

पुरस्कार छनोट समिति इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेलको संयोजकत्वमा गठन गरिएको थियो । समितिमा राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य डा. सूर्यप्रसाद ढुंगेल र अधिकारकर्मी गंगा कसजु सदस्य थिए । बाराको सिम्रौनगढ नगरपालिका-२ स्थित मौवाहीका यादव सन् २०७४ सालदेखि चुरे संरक्षण तथा वातावरणीय अधिकारको क्षेत्रमा क्रियाशील छन्।

उनले चुरे क्षेत्रको दोहनका कारण मधेश प्रदेशमा देखा परिरहेका जलवायु संकट र वातावरणीय असरबारे सरकार तथा सरोकारवालाको ध्यानाकर्षण गराउँदै विविध सचेतनामूलक अभियान, जनपरक कार्यक्रम र नीति पैरवी गर्दै आएका छन्। पुरस्कार अन्तर्गत यादवलाई आगामी साउन १६ गते काठमाडुमा हुने ३३औं प्रकाश स्मृति दिवसको अवसरमा नगद ५० हजार रुपैयाँ, सम्मानपत्र र इन्सेकको प्रतीक चिन्ह प्रदान गरिनेछ।

सो पुरस्कारले चुरे संरक्षण जस्ता महत्वपूर्ण वातावरणीय मुद्दामा क्रियाशील व्यक्तिहरूको योगदानलाई उत्साहित गर्ने विश्वास गरिएको छ।

**सम्पत्ति विवरण बुझाऔं**

- सार्वजनिक पद धारण गरेको व्यक्तिले आर्थिक वर्ष समाप्त भएको ६० दिन भित्र सम्बन्धित निकायमा सम्पत्ति विवरण बुझाईसक्नु पर्छ,
- राजिनामा वा अनिवर्या अवकास भई सेवा निवृत हुनेले समेत सेवा निवृत हुने आ.व. सम्मको सम्पत्ति विवरण बुझाउनु पर्छ,
- प्रदेश वा स्थानीय तहमा रहेका सार्वजनिक पद धारण गर्ने व्यक्ति तथा कर्मचारीले आफू कार्यरत कार्यालयमार्फत सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पत्ति विवरण बुझाउनु पर्छ,
- करारमा कार्यरत कर्मचारीले कार्यरत निकायमै सम्पत्ति विवरण बुझाउनु पर्छ,
- सम्पत्ति विवरण बुझाउने दायित्व सम्बन्धित व्यक्तिको हो,
- समयमा सम्पत्ति विवरण नबुझाउनेलाई कानून बमोजिम जरिवाना हुन्छ।

"त्यसैले समयमै सम्पत्ति विवरण बुझाऔं, सुशासनमा सहयोग गरौं।"

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं**. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८